# प्राक्कथन

प्रस्तुत सामग्रीले खासगरी ज्ञान उत्खनन तथा उत्पादनका क्षेत्रमा केही नवीनता थपेको महसुस भएको छ । सिद्धान्तको ठूलो थुप्रोभन्दा व्यवहारको सानै अंश भए पनि कैयौँ गुना गुनिलो हुन्छ । यही  कुरालाई कसैले टाढाको आरनभन्दा नजिकको उधिन जाती भनेर आफ्नो मनका कुरा भने । कसैले बल ounce of action is worth a tone of theory भनेर सार खिचे । जे जसरी भने पनि कुरो एउटै हो कार्यकारी कुराको खोजी ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विगत १२ वर्षको अवधिमा सम्पन्न गरेका ११ वटा राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षण (National Assessment of Students achievement–NASA) अध्ययन र जम्मा ५००० सामुदायिक विद्यालयको कार्य सम्पादन परीक्षण (Performance Audit) नामको अध्ययनहरूको प्रतिवेदन सालवसाली रूपमा तयार गर्ने प्रचलन कायमै रहेको छ । अब उप्रान्त यस्ता प्रतिवेदनका सुझाव तथा सिफारिसहरू थप व्यवस्थित रूपमा कार्यान्वयन गरी सिंगो विद्यालय शिक्षा प्रणाली एवम् कक्षाका शिक्षण-सिकाइ प्रणालीमा अपेक्षित सुधार गर्नका निमित्त सम्वन्धित निकायहरूलाई मार्गदर्शन प्रदान गर्ने उद्धेश्यले प्रस्तुत सुधार कार्य योजना (Reform Action Plan) तयार गरिएको छ । यस दस्तावेज NASA/PA अध्ययनका नतिजा-निर्देशित सुधार कार्यक्रम तर्जूमा गरी सञ्चालन गर्न ततनतत् निकायलाई हौसला र उत्प्रेरणा श्रृजना गर्ने सहजीकरण साधन बन्न सफल हुने अपेक्षा गरिएको छ । यो कार्ययोजना दस्तावेज प्रकाशन भई सार्वजनीकरण हुनासाथ यसको कार्यान्वयन प्रभावकारी (effective to action) हुने । यसको औपचारिक स्वामित्व लिई कार्यरूपमा सक्रिय रहनु सम्वन्धित निकायहरूको कर्तव्य हुनेछ ।

प्रस्तुत दस्तावेजमा केन्द्रले विगतका वर्षहरूमा परीक्षणका क्षेत्रमा सम्पादन गरेका प्रयासको समीक्षा, अध्ययनका नतिजा (results) एवम् प्राप्ति (findings) हरूको संश्लेषण, तिनको कार्यान्वयन प्रणाली निर्माण गर्न आवश्यक पर्ने अवधारणागत तथा कार्यकलापगत ढाँचा लगायतका विषयवस्तु समेटिएको छ । कार्यान्वयनका लागि सांकेतिक रूपमा निकायगत जिम्मेवारी र प्राथमिकीकरणका आग्रह पनि किटान गरिएको छ ।

यो दस्तावेजको तयारीका प्रकृयामा आवश्यक मार्गदर्शन र प्रेरणा प्रदान गर्नुहुने माननीय मन्त्री देवेन्द्र पौडेलज्यू र श्रीमान सचिवद्वय यादवप्रसाद कोइराला र रामकृष्ण सुवेदीज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ । त्यस्तै गरी दस्तावेज लेखन कार्यमा प्राविधिक परामर्श, सल्लाह, सुझाव तथा मार्गदर्शन उपलब्ध गराउनु हुने मन्त्रालयका सम्पूर्ण विद्वान सहसचिवहरू, डा. तुलसीप्रसाद थपलीया, शिक्षा तथा मानवस्रोत विकास केन्द्रका माहानिर्देशक तथा मन्त्रालय अन्तर्गका अन्य विभागीय निकायका प्रमुखहरू लगायतका महानुभावहरूलाई मनैदेखि धन्यवाद प्रकट गर्दछु । दस्ताबेज अन्तिमीकरण गर्ने दौरान आवश्यक सम्पादकीय कार्य गर्ने तथा सूचना एवम् सामग्री उपलब्ध गराउने केन्द्रका कर्मचारी साथीहरूलाई एकमुष्ठ धन्यवाद दिन आवश्यक ठान्दछु ।

यस कार्ययोजना दस्तावेजको लेखकीय, प्राविधिक एवम् उत्पादनका सवालमा सम्पूर्ण सरोकारवाला महानुभावबाट थप रचनात्मक र व्यवसायिक सुझाव सल्लाह हमेशा स्वागतयोग्य र ग्रहणयोग्य रहने छन् ।

**शिवकुमार सापकोटा**
महानिर्देशक
असार २०७९

# विषय सूची


| | |
|---|---|
| १. पृष्ठभूमि | ५ |
| २. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय | ६ |
| ३. राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षणको अवधारणा | ७ |
| ४. विद्यालय कार्यसम्पादन परीक्षणको अवधारणा | ९ |
| ५. नतिजा उपयोगका मान्यता | ११ |
| ६. अध्ययन प्रतिवेदन उपयोगका चरणहरू | १३ |
| ७. NASA अध्ययनका नतिजा सारांश | १५ |
| ८. विद्यालय कार्यसम्पादन परीक्षणका नतिजा सारांश | १७ |
| ९. NASA अध्ययनका प्राप्तिको समीक्षा | १९ |
| १०. कार्य सम्पादन परीक्षणका प्राप्ति समीक्षा | ३० |
| ११. मुख्य अध्ययन प्राप्तिका आधारमा सुधार कार्यक्रम ढाँचा | ३३ |
| ११. सुधार कार्ययोजना | ३८ |
| १२. नमूना सुधार कार्यकलाप ढाँचा | ४९ |
| १३. निष्कर्ष | ४९ |
| १४. अनुसूची–१ः | ५० |
| १५. सन्दर्भ सूची | ५० |

## १. पृष्ठभूमि

शैक्षिक गुणस्तर परीक्षण केन्द्र शिक्षा मन्त्रालयअन्तर्गत स्वतन्त्र विभागीय निकायकारूपमा २०६६ सालमा स्थापना भएको हो । यसको स्थापना कालदेखि हालसम्मको क्रियाशीलताबाट नेपालमा विद्यालय शिक्षा प्रणालीको कार्यसम्पादन प्रभावकारीताको स्वतन्त्र परीक्षण गर्ने अभ्यास वैधानिक र व्यवहारिक रूपमा स्थापित भइसकेको छ । परीक्षण कार्यमध्ये मूलतः विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण र विद्यालय कार्यसम्पादनको परीक्षण सञ्चालन निरन्तर रहेको छ । हालसम्म कक्षा ३, ५, ८ र १० कक्षामा अंग्रेजी, नेपाली, विज्ञान र गणित विषयगरी ४ ओटा विषयका १० ओटा परीक्षण अध्ययन तथा ५ हजार १ सय ४३ ओटा सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण सम्पन्न भइसकेको छ ।

यसरी सम्पन्न परीक्षण अध्ययनका १५ ओटा राष्ट्रिय प्रतिवेदनहरू सार्वजनिक रूपमा प्रकाशित भइसकेका छन् । तथापि ती प्रतिवेदनद्वारा प्रस्तुत गरिएका नतिजा एवम् सिफारिसहरूको कार्यान्वयन अपेक्षित रूपमा हुन नसकेबाट परीक्षणको मूल उद्देश्य पूरा हुन सकेको छैन । यसै सन्दर्भमा अध्ययनका प्राप्तिहरू-खासगरी विद्यालयको कार्यसम्पादन परीक्षण (Performance Audit-PA) तथा राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षण (National Assessment of Student Achievement-NASA) को समुचित उपयोग हुन सकोस् र यसका प्राप्तिहरूले नीति तथा अभ्यासमा सुधार गर्न ठोस आधार प्रदान गर्न सकून् भन्ने मूल उद्देश्यका साथ यो सुधार कार्ययोजना (Reform Action Plan–RAP) तयार गरिएको छ ।

यस प्रकारका अध्ययनको मूल उद्देश्य समग्र विद्यालय शिक्षा प्रणालीको सञ्चालन प्रभावकारिताका सम्बन्धमा सूचना प्रवाह गरी प्रक्रियागत दृष्टिले थप नियमसम्मत र व्यावसायिक मर्मअनुरूप सञ्चालन गर्न, उत्पादनका दृष्टिले थप कुशल तुल्याउन, नतिजाका दृष्टिले थप सुदृढ तुल्याउन, र सेवाग्राहीका सन्तुष्टिका दृष्टिले थप

सेवाग्राही मैत्री बनाउन सहयोग पुऱ्याउनु नै हो भन्न सकिन्छ । यिनै उद्देश्यका साथ स्थापना भएको यस केन्द्रले १२ वर्षभन्दा बढीको अनुभव आर्जन गरिसकेको छ ।

यस कार्ययोजनाको कार्यान्वयनबाट देशभरिका विद्यालयको नियमित पठनपाठन प्रणालीमा गुणात्मक सुधार हुने, विद्यालय व्यवस्थापन प्रक्रियामा आधुनिक कार्यशैलीको उपयोग हुने तथा समग्र विद्यालय शिक्षा प्रणालीमा उल्लेखनीय सुधारका स्पष्ट सङ्केत देखिने र विद्यार्थी एवम् अभिभावकप्रतिको जवाफदेहितामा वृद्धि हुने अपेक्षा गरिएको छ ।

कार्ययोजना दस्तावेजमा अध्ययनहरूबाट प्राप्त नतिजाको व्याख्या प्रस्तुत गर्ने र सिफारिसहरूलाई कार्यान्वयन योग्य व्यवहारिक कार्यकलापकारूपमा परिभाषित गरी शिक्षा प्रणालीअन्तर्गत कार्यरत विभिन्न निकायहरूको विशिष्टीकृत जिम्मेवारीलाई व्यवस्थित रूपमा दर्शाउने प्रयास गरिएको छ । यो दस्तावेज तयार गर्दा हालसम्म प्रकाशित प्रतिवेदनहरूको अध्ययन, हाल कार्यान्वयनमा रहेका शिक्षा नीति एवम् योजनाहरूको संश्लेषण तथा विभिन्न सरोकारवाला व्यक्तिहरूसँगको परामर्श जस्ता अनुसन्धानमूलक विधिहरू अनुसरण गरिएको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट प्रकाशित भएपछि यो कार्ययोजना लागु भएको मानिने छ साथै यस कार्ययोजनाको कार्यान्वयन गर्नु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य मानिनेछ । आगामी वर्षदेखि परीक्षण केन्द्रबाट तयार गरिने परीक्षण प्रतिवेदनहरूको कार्यान्वयन साधनकारूपमा यस्तो सुधार कार्ययोजना दस्तावेज प्रकाशन गर्ने कार्यमा निरन्तरता रहनेछ ।

## २. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय

विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) ले शिक्षा सुधारको महत्त्वपूर्ण अवयवका रूपमा प्रणालीगत उत्तरदायित्वलाई व्यवहारमा कार्यान्वयन गर्न विशेष प्रकारको सङ्गठनको आवश्यकता बोध गरेअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको विभागीय स्तरको सङ्गठनका रूपमा वि. सं. २०६६ साल कार्तिकमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो । शिक्षा ऐन, २०२८ (संशोधन सहित) दफा ७ ख. बमोजिम २०७३ सालदेखि यस केन्द्रलाई आफ्नो कार्य सञ्चालनका निमित्त कानूनी आधार प्रदान गरेको छ ।

ऐनले उल्लेख गरेका कार्यविवरण पूरा गर्ने सन्दर्भमा कार्य सञ्चालन प्रणालीलाई व्यवस्थित गर्न नेपाल सरकारले २०७४ सालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सञ्चालन निर्देशिका जारी गर्‍यो । जसअनुसार केन्द्रले आवधिक रूपमा परीक्षण प्रतिवेदनहरू प्रकाशन गर्ने, मन्त्रालयबाट तर्जुमा हुने नीति तथा योजनामा परीक्षणका नतिजाको उपयोग गर्ने, मन्त्रालयअन्तर्गतका विषयगत निकायहरूले तयार गर्ने योजना एवम् कार्यक्रममा उक्त नतिजाको प्रयोग गर्ने र विद्यालय स्तरमा व्यवस्थापकीय एवम् शिक्षण सिकाइका अभ्यास सुधारका लागि प्रतिवेदनका सिफारिसलाई अनुसरण गर्ने समग्र संयन्त्र तयार गरिएको छ । केन्द्रका प्रमुख उद्देश्य देहायअनुसारका छन् ।

क) आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी शैक्षिक नीति तर्जुमाका लागि पृष्ठपोषण प्रदान गर्ने,

ख) विद्यालय तथा अन्य शैक्षिक निकायहरूको कार्यसम्पादन स्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाहमा सुधारका लागि प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने,

ग) विद्यालय र अन्य शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने र शैक्षिक सेवा प्रवाहमा सुधारका लागि जवाफदेही बनाउने,

घ) शिक्षा क्षेत्रमा सञ्चालित आयोजनाहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्ने, र

ङ) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता प्रवर्द्धन र गुणस्तर सुधारका निमित्त आवश्यक तथ्यगत सूचना उपलब्ध गराउने ।

## ३. राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षणको अवधारणा

परीक्षणले विद्यमान शैक्षिक उपलब्धि बारे नतिजा (outcome) तहमा सूचना प्रदान गर्दछन् र यस्ता परीक्षण विद्यार्थी मूल्याङ्कनका निमित्त सञ्चालन गरिने अन्य परीक्षाभन्दा उद्देश्य र प्रक्रियाका दृष्टिले अत्यन्त भिन्न हुन्छन् ।

विद्यालयमा लिइने परीक्षाले विद्यार्थी र शिक्षकलाई सिकाइको स्तर बारे सूचना प्रदान गर्नुका अतिरिक्त कमजोरी भएका क्षेत्र बारे जानकारी दिएर सुधारात्मक शिक्षणका

निमित्त आधार प्रदान गर्दछन् । यसका साथै यस्ता परीक्षाले कक्षा चढाउने निर्णयमा आधार दिने गरी निर्णयात्मक उद्देश्यमा समेत सघाउँछन् र विद्यार्थीको सिकाइको प्रमाणीकरणसमेत गर्दछन् ।

कक्षा आठ, दस वा बाह्रको अन्तमा लिइने तहको अन्तका परीक्षाले मूलतः निर्णयात्मक उद्देश्यमा सघाउँछन् र प्रमाणीकरणको कार्य पूरा गर्दछन् । त्यसैले यस्ता परीक्षाहरू विद्यार्थीका निमित्त ज्यादै महत्त्व राख्दछन् । यी परीक्षामा प्राप्त गरेको अङ्क वा ग्रेड-भावी दिनको उच्च शिक्षाको भर्ना वा विषय छनौटको आधार बन्न सक्छ । कतिपय अवस्थामा विद्यालय शिक्षामा प्राप्त गरेको ग्रेडलाई निकै वर्षपछि सो व्यक्तिको क्षमता मापन गर्ने सूचककारूपमा प्रयोग गर्ने गरेको पाइन्छ । जस्तै- नेपालका सन्दर्भमा बीसौँ वर्ष अघि एस. एल. सी. मा प्राप्त गरेको श्रेणीलाई वर्तमानको कुनै शिक्षकको वा कर्मचारीको पदोन्नतिको निर्णयको सन्दर्भमा महत्त्वपूर्ण आधारकारूपमा गणना गर्ने गरेको देखिन्छ । यसप्रकार यस्ता परीक्षाको नतिजाले व्यक्तिको भावी जीवनका छनौटका निर्णयलाई प्रभावित गर्न सक्ने हुँदा यसलाई उच्च-सरोकारयुक्त परीक्षा (high–stake exam) का रूपमा समेत चिन्ने गरिन्छ ।

राष्ट्रिय स्तरमा गरिने विद्यार्थी उपलब्धि परीक्षण अर्थात् NASA भने प्रत्येक विद्यार्थीको सिकाइको प्रमाणीकरण गर्ने अन्य राष्ट्रिय स्तरका परीक्षाभन्दा भिन्न हुन्छ । खासगरी यस्ता परीक्षणले समग्र उपलब्धिको अवस्था, भौगोलिक र सामाजिक समूहअनुसार उपलब्धि, कालक्रमअनुसार उपलब्धिको तुलना, उपलब्धिसँग सम्बन्ध राख्ने मुख्य तत्त्वहरूको समीक्षा, कुनै ठूला कार्यक्रमसँगको सम्भाव्य सम्बन्ध जस्ता पक्षहरूको बारेमा सूचना दिने अपेक्षा गरिन्छ । व्यक्तिको सिकाइको प्रमाणीकरण गर्ने उद्देश्य नराख्ने हुँदा परीक्षित व्यक्ति वा विद्यार्थीको सरोकार (stakes) न्यून रहन्छ । त्यसैले त्यस्ता परीक्षणलाई विद्यार्थीका दृष्टिबाट न्यून जोखिमको परीक्षा (low–stake exam) पनि भन्ने गरिन्छ । नतिजाले व्यक्तिलाई खासै फरक नपर्ने हुँदा कतिपय अवस्थामा अरू परीक्षामा जस्तो धेरै मेहनत नगर्ने, वा पूरा समय नलेख्ने, वा आफनो पूर्ण क्षमताको प्रदर्शन नगर्ने जोखिमसमेत रहन्छ । यस्तो भयो भने परीक्षाको नतिजाको वैधानिकतामा समेत चुनौती थपिदिन सक्छ । किनभने वैधानिकताको सवालमा परीक्षामा पाएको उपलब्धिले विद्यार्थीको क्षमताको सही प्रतिनिधित्व गर्न सक्छ कि सक्दैन भन्ने पक्ष सर्वथा अहम् रहन्छ । नेपालमा भएका यस्ता परीक्षणमा यस दृष्टिले वैधानिकताको परीक्षण हुन बाँकी नै छ ।

## ४. विद्यालय कार्यसम्पादन परीक्षणको अवधारणा

शैक्षिक गुणस्तर परीक्षण केन्द्रमार्फत् भएका कामहरूमध्ये कार्यसम्पादन परीक्षण अर्को महत्त्वपूर्ण काम हो । शिक्षा क्षेत्रका सार्वजनिक संस्थाले सेवाप्रवाहका सन्दर्भमा गरेका प्रक्रियागत पक्षहरू कस्ता छन्, तोकिएका कार्यविधि र प्रक्रियाको पालना भएको छ, छैन, सेवा-सञ्चालन क्रममा मितव्ययिता र कुशलता, पारदर्शिता र प्रभावकारिता जस्ता उद्देश्यहरू हासिल गर्ने क्रममा के कति उपलब्धि गरेका छन् भन्ने प्रश्नलाई केन्द्रमा राखेर कार्यसम्पादन परीक्षण गर्ने गरेको देखिन्छ । यसप्रकारको परीक्षण सङ्गठनको भित्रबाट वा बाहिरी निकायबाट हुनसक्ने हुँदा केन्द्रले कार्य-सम्पादन परीक्षण प्रक्रियालाई आन्तरिक र बाह्य दुवै प्रकृतिको हुनसक्ने गरी निर्धारण गरेको देखिन्छ । आन्तरिक परीक्षणलाई स्वमूल्याङ्कनका अर्थमा समेत बुझ्ने गरिन्छ । मूलतः आफ्ना सेवा प्रवाहका प्रक्रियामा देखिएका कुनै कमीकमजोरी भए तिनलाई बेलैमा पहिचान गरेर सुधार गर्ने उद्देश्यका साथ र कहिलेकाहीँ बाह्य परीक्षणको आवश्यकतामा सहयोगी हुने गरी स्व-मूल्याङ्कन वा आन्तरिक परीक्षण सञ्चालन गर्ने गरेको पाइन्छ ।

केन्द्रको हालसम्मको परीक्षण अभ्यासका आधारमा भन्नुपर्दाचाहिँ स्वमूल्याङ्कनसमेत प्रयोजनका लागि भनी परीक्षण साधन निर्माण गरिएको भएता पनि यसलाई बाह्य परीक्षण साधनकारूपमा मात्र उपयोग गरिएको छ । तसर्थ हालसम्मको अभ्यासलाई हेर्दा बाह्य कार्यसम्पादन परीक्षणमात्र भएको छ । बाह्य कार्य-सम्पादन परीक्षण निर्णयात्मक हुनसक्ने र उत्तरदायित्व सिर्जना गर्ने प्रकृतिको हुन्छ । हुन त यस प्रकारको परीक्षण पनि सुधारका सन्दर्भमा उपयोगी हुन्छ । तर पनि यसको मूल उद्देश्य भने उत्तरदायित्व सिर्जनामा गएर जोडिन्छ ।

कार्यसम्पादन परीक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्था International Organization of Supreme Audit Institutions (INTOSAI) ले अडिटका सन्दर्भमा वित्तिय अडिट, कार्यसम्पादन परीक्षण, विधि र प्रक्रियाको पालनाको अडिट, र अन्य गरी चार प्रकारका अडिट स्ट्यान्डर्डहरूको चर्चा गरेको छ । साथै, यस संस्थाले कार्यसम्पादन परीक्षणका निश्चित सिद्धान्त (Performance Audit Principles–2019) उपयोगमा ल्याएको देखिन्छ ।

(https://www.intosai.org/fileadmin/downloads/documents/open_access/ISSAI_100_to_400/issai_300/ISSAI_300_en_2019.pdf)

सार्वजनिक क्षेत्रमा गरिने अडिट कार्यप्रतिको जनविश्वास (credibility), गुणस्तर र व्यावसायिकताको प्रवर्द्धन गर्नु नै यस्ता सिद्धान्तहरूको उद्देश्य रहेको देखिन्छ । जसअनुसार कार्यसम्पादन परीक्षणलाई देहायअनुसार परिभाषित गरेको देखिन्छ ।

Performance Auditing (PA) is an independent, objective and reliable examination of whether government undertakings, systems, operations, programs or organizations are operating in accordance with the principles of economy, efficiency and effectiveness and whether there is room for improvement. (ibid., p. 8)

सार्वजनिक संस्था, प्रणाली, कार्यक्रम वा क्रियाकलाप, वा सङ्गठनहरूको सञ्चालनका क्रममा मितव्ययिता, कुशलता, र प्रभावकारिताका सिद्धान्तअनुरूप सञ्चालन भए नभएको र यस सन्दर्भमा सुधारका निमित्त कुनै क्षेत्र भए सोसमेत सुझाउने उद्देश्यका साथ गरिने यस्ता परीक्षणका प्रक्रिया आफैमा स्वतन्त्र, वस्तुनिष्ठ र विश्वसनीय हुनुपर्ने भनेर मार्गदर्शन गरेको देखिन्छ । सेवाको उत्पादनको सन्दर्भमा रचित शासकीय प्रबन्ध कत्तिको मितव्ययी छ, कत्तिको कुशल छ र कत्तिको प्रभावकारी छ भनेर रेखदेख गर्दै सेवा प्रवाहको सुधारको निमित्त मार्गदर्शन गर्नु नै यसको मूल उद्देश्य रहेको बुझ्न सकिन्छ ।

- *मितव्ययिताको सिद्धान्तः* सेवाको उत्पादनका सन्दर्भमा गरिएको लगानी वा लागतलाई न्यूनतममा राखी सही समयमा र आवश्यक मात्रामा लगानीको प्रवाह गरेको विषय अडिटको विषयक्षेत्रमा पर्दछ ।
- *कार्यकुशलताको सिद्धान्तः* लगानीको अनुपातमा उपलब्धिको गणना गर्दै गरिएको लगानी र हासिल गरिएको उपलब्धिको सम्बन्ध स्थापित गर्दै अनुपातको सीमा बढ्दो घट्दो कता गइरहेको छ भनेर संस्था सञ्चालनमा कुशलताको प्रवर्द्धन गर्ने उद्देश्य राखेको देखिन्छ ।
- *प्रभावकारिताको सिद्धान्तः* कार्यक्रम सञ्चालन पछि अपेक्षा गरिएको नतिजा प्राप्तिको स्तरलाई मापन गर्ने र कार्यक्रमलाई नतिजाको प्राप्तिसँग आबद्ध गर्ने यस सिद्धान्तको ध्येय देखिन्छ ।

यस्ता परीक्षण अध्ययन गर्दा नतिजा-उन्मुख, समस्या-उन्मुख वा प्रणाली-उन्मुख विधिमार्फत् वा त्यसको खास प्रकारको मिश्रित विधिमार्फत् कार्यसम्पादन परीक्षण सञ्चालन गर्न सकिने बारेमा निर्देशन दिइएको देखिन्छ । परीक्षकहरूमा आलोचनात्मक चेत र व्यावसायिक दृष्टिले शङ्कापूर्ण नजर राख्ने (professional skepticism) विषयलाई यस निर्देशनले महत्त्वका साथ उल्लेख गरेको छ । तर यस भनिरहँदा सङ्गठनका तर्फबाट पेस गरिने सूचना, जानकारी र भनाइलाई ध्यानपूर्वक ग्रहण नगर्ने हो भने महत्त्वपूर्ण सूचनाहरू छुट्ने अवस्था आउन सक्छ । त्यसैले यस मार्गदर्शनले ग्रहणशील हुने पक्षलाई समेत उचित महत्त्व दिएको देखिन्छ ।

परीक्षणमा परीक्षणका निश्चित चरणहरूको समेत उल्लेख गरेको देखिन्छ-

क) योजना चरण,

ख) परीक्षण सञ्चालन चरण,

ग) प्रतिवेदन चरण

घ) फलो-अप चरण

अध्ययन गरिने विषय क्षेत्रको छनौट, पूर्वअध्ययन र अडिटको डिजाइन कार्य योजना चरणमा गर्ने काममा पर्दछन् । त्यसै गरी उपलब्ध सूचनाको सङ्कलन र विश्लेषण गर्ने कार्य परीक्षण चरणका महत्त्वपूर्ण कार्यहरू हुन । अडिटको नतिजालाई उपयोगकर्ता समक्ष प्रस्तुत गर्ने, अडिटसम्बन्धी प्रश्नहरूको सम्बोधन गर्ने, प्राप्ति, निष्कर्ष र सुझावहरू प्रस्तुत गर्ने कार्य तेस्रो चरणमा पर्दछन् । अन्तमा, विगतमा प्रस्तुत गरिएका प्रतिवेदनको कार्यान्वयनको अवस्था बारे खोजखबर गर्ने, कार्यान्वयनको अवस्थाको समीक्षा गर्ने र कार्यान्वयन कमजोर देखिएको अवस्थामा त्यसमा ध्यानाकर्षण गर्ने कामसमेत गर्दछ ।

## ५. नतिजा उपयोगका मान्यता

समग्र विद्यालय शिक्षाको योजना, व्यवस्थापन, तथा नीतिगत सुधारमा केन्द्रका प्रतिवेदनले के कस्तो योगदान गरे, पुऱ्याए वा उपयोग कति हदसम्म हुन सकेको छ भन्ने प्रश्नले निकै महत्त्व राख्दछ । समाज-विज्ञान र खासगरी "शिक्षा क्षेत्रको

अनुसन्धान" को मौलिक चरित्र छ । यसै कारणले यस्ता परीक्षण वा अध्ययन अनुसन्धानको नतिजाको उपयोगको प्रश्न परम्परागतरूपमा नै पेचिलो बन्ने गरेको छ । भौतिक विज्ञानमा वस्तुसँगको अध्ययन हुने हुँदा अध्ययनका क्रममा "नियन्त्रण" त्यति कठिन हुन्न र नियन्त्रित वातावरणमा अनुसन्धान गर्न सहज हुने हुँदा परिस्थितिजन्य विविधता बारे डिजाइनले नै सम्बोधन गर्न सहज हुन्छ । स्वास्थ्यका क्षेत्रमा समेत परिस्थितिजन्य संवेदनशीलता त्यत्ति धेरै देखिन्न ।

उदाहरणका लागि कोभिड-१९ को सन्दर्भमा गरिएको अध्ययनले खोप सिफारिस गरेको र सो खोप उमेरगत आधारमा कुन समूहलाई कत्ति प्रभावकारी भनेर केही विविधतासहित नतिजा सार्वजनिक भए पनि अन्ततः विश्वका जुनसुकै महादेशमा उत्तिकै प्रभावकारी भनेर प्रयोग गरियो । तर शिक्षामा गरिएका अध्ययनका अधिकांश नतिजाहरू परिस्थिति सापेक्ष हुन्छन, वा सबै परिस्थितिमा समानरूपमा लागू गर्ने स्विकार्यता पाउन कठिन हुन्छ । त्यसैले नतिजासँगै कुन परिस्थितिमा गरिएको अध्ययन हो, वा कुन परिस्थितिमा बढी उपयोगी हुनसक्छ भनेरसमेत उल्लेख गर्नुपर्ने हुनसक्छ । नतिजाको उपयोगिताका सीमाहरू अलि बढी हुन सक्छन । उपयोग गर्ने सन्दर्भमा परिस्थितिजन्य संवेदनशीलतालाई समेत ध्यान दिनु आवश्यक मानिन्छ ।

अर्को पाटो- अध्ययनले उपयोगका निमित्त बाध्य बनाउनेभन्दा पनि नतिजाको समयमा जानकारी, र अब केही गर्नै पर्ने रहेछ भन्ने विश्वास जगाउने गरी नतिजाको सम्प्रेषण गर्ने विषय पनि महत्त्वपूर्ण हुनसक्छ । प्रयोगकर्तालाई प्रभाव पार्ने गरी नतिजालाई सम्प्रेषण गर्ने विषयले समेत नतिजाको उपयोगलाई निर्धारण गर्न सक्दछ । यसका निमित्त लक्षित समूह चिन्ने र प्राथमिकीकरण गर्ने, मुख्य लक्षित समूहहरू चिनेपछि उनका आवश्यकता, उनलाई सम्प्रेषण गर्ने प्रभावकारी विधि यकिन गरेर सोअनुसारको समूह विशेषका लागि अलग अलग प्रतिवेदन/ वा सूचना पुस्तिका (Info–graph) तयार गरेर पनि उपयोगको अवस्था सुधार गर्न सहयोग पुग्न सक्छ । त्यसकारण अध्ययनको डिजाइन गर्ने कार्यले जति महत्त्व राख्दछ, अध्ययनको नतिजा सम्प्रेषण गर्ने कार्यलाई समेत उत्तिकै महत्त्व दिने गरी "नतिजा सञ्चार" को विषयमा प्रयत्नहरू हुनुपर्ने देखिन्छ ।

केन्द्रले आफ्ना परीक्षण अध्ययनका नतिजालाई नियमितरूपमा प्रकाशन गर्दै आएको छ । सो प्रकाशनहरूलाई नेपालको विद्यालय शिक्षाको गुणस्तरका बारेमा अध्ययन

गर्ने जो कोहीले अध्ययन गर्नैपर्ने सामग्रीका रूपमा लिन थालिएको छ । प्राज्ञिक र अनुसन्धानका क्षेत्रमा केन्द्रका प्रकाशनले आफ्नो महत्त्व स्थापित गरेका छन् । शिक्षा क्षेत्रका दीर्घकालीन योजनाका दस्तावेजहरूमा केन्द्रका प्रकाशनहरूलाई गुणस्तरका बारेमा तथ्यगत आधारका रूपमा साभार गरिएका भेटिन्छन (जस्तै, रायोआ का आवधिक योजनाहरू, विद्यालय शिक्षा क्षेत्रको योजना, (२०७८-२०८७); उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५; अर्थ मन्त्रालयबाट प्रकाशन हुने आर्थिक सर्वेक्षण इ.) ।

यसप्रकार केन्द्रका प्रकाशनहरूको स्विकार्यता क्रमशः बढदै गएको देखिन्छ । तर हरेक वर्षजसो आउने प्रतिवेदनले औँल्याएका विषयहरू समान प्रकृतिका हुने गरेको सन्दर्भमा प्रतिवेदनलाई शिक्षा व्यवस्थापनको समग्र प्रभावकारिता बढाउन आवश्यक हस्तक्षेप गर्ने गरी उपयोग गर्न सकिएन कि ? यस्ता अध्ययनका प्राप्ति र नतिजाले विद्यालय शिक्षाका वार्षिक योजना र कार्यक्रम तथा दैनिक अभ्यासलाई अपेक्षाकृत स्तरमा प्रभाव पार्न र बदल्न खासै मद्दत गर्न सकेन कि ? यस्ता प्रश्न पनि उठन थाले । यो प्रश्नलाई अर्को पाटोबाट पनि हेर्न सकिन्छ - खासगरी अध्ययनले कति हदसम्म अभ्यासलाई बदल्न सक्छ भनेर । अध्ययनले आफै अभ्यास बदल्ने त पक्कै होइन । यसले सङ्केत गर्ने हो । अभ्यास बदल्ने अर्कै पाटो हो ।

सार्वजनिक निकायबाट गरिएका खर्चको उपादेयताको बारेमा सोचिनु नितान्त स्वाभाविक देखिन्छ । हरेक वर्षजसो गरिएका अध्ययनले सङ्केत गरेका विषयले हाम्रा अभ्यासमा के कस्ता प्रभाव पार्न सके वा सकेनन् ? ती अध्ययनका अध्ययनका प्राप्तिहरूको कार्यान्वयन योग्यता (implementability) को अवस्था के छ र यसलाई कसरी सुधार गर्न सकिएला भन्ने प्रश्न उत्तिकै सान्दर्भिक छ । यसका सन्दर्भमा अध्ययनको डिजाइनदेखि विश्लेषण, सरोकारवालाहरूको सहभागिता, नतिजा सञ्चार जस्ता विभिन्न पाटोहरू महत्त्वपूर्ण हुन सक्छन ।

## ६. अध्ययन प्रतिवेदन उपयोगका चरणहरू

अध्ययन प्रतिवेदन आइसकेका स्थितिमा नतिजाको उपयोगिता बढाउन के गर्न सकिएला भनेर समीक्षा गर्दा मूलतः तीनओटा काम गर्न सकिने देखिन्छः

क) प्राप्तिको सान्दर्भिकता र महत्त्वको व्याख्या गर्ने (explanation of relevance and significance)ः माथि नै चर्चा गरियो कि यी उपलब्धि परीक्षणले "उपलब्धि"लाई मुख्य नतिजाकारूपमा लिएर यसका निमित्त योगदान पुऱ्याउन सक्ने सम्भाव्य पक्षहरूको बारेमा सङ्केत गरेको छ । यी पक्षहरूको उपलब्धिसँगको सह-सम्बन्धको स्तरको विश्लेषण गरेको छ । सह-सम्बन्ध बलियो देखिएका पक्षहरूलाई उपलब्धि निर्धारण गर्न सक्ने पक्षकारूपमा सङ्केत गरेको छ । यो प्राप्तिको सान्दर्भिकता के ? अझ कसका निमित्त कति सान्दर्भिक ? कुन कामका वा कुन निर्णयका निमित्त सान्दर्भिक ? समग्र शैक्षिक व्यवस्थापनमा यसको महत्त्व के छ ? यस्ता प्रश्नहरूमा हुने छलफलले अध्ययनका नतिजाको कार्यान्वयन योग्यतालाई सुधार गर्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

ख) सम्भाव्य कारणका बारेमा यसको थप विश्लेषण गर्ने (further analysis of underlying causes)ः अध्ययनको डिजाइनले कुनै नतिजाका निमित्त कारण के हो भनेर किटेर भन्न मिल्ने देखिन्न । त्यसैले त्यो नतिजासँग सम्बन्ध राख्ने पक्षहरूको चर्चा गरिएको छ । त्यसैले उपलब्ध प्रमाणका आधारमा सम्भाव्य कारण बारे थप विश्लेषण गर्दा त्यसले कार्यान्वयनका बारेमा योजना वा निर्णय गर्न केही सहज पुऱ्याउन सक्छ । थप अध्ययन गर्नका निमित्तसमेत अध्ययनको विषय क्षेत्रका बारेमा निश्चित आधार प्रदान गर्न सक्छ । त्यसैले यसप्रकारको विश्लेषण सहयोगी हुने अपेक्षा गर्न सकिन्छ ।

ग) कार्यान्वयनसँग सम्बन्धित विस्तृत एवं सम्भाव्य कार्यकलापबारे थप चर्चा (defining operational details)ः अध्ययनका प्राप्तिहरूको कार्यान्वयनले नयाँ नीति, कार्यक्रम, संचरना र व्यवस्थापन प्रक्रिया, वा लगानी जस्ता पक्षहरूमध्ये कुनै एक वा धेरैओटा पक्षहरूमा सुधार माग गर्न सक्छ । सुधार को निर्णय गर्ने चाहना राख्नेहरूका निमित्त पनि कुन पक्षमा हात हाल्ने, सम्भाव्य असरहरू वा जोखिमहरू के के हुनसक्छन् भन्ने अनिश्चितताले सुधारका पक्षमा निर्णय गर्न केही हिच्किचाहट हुन सक्छ । त्यसैले कार्यान्वयन प्रक्रियालाई मार्गदर्शन गर्न साङ्केतिकरूपमा नै भए पनि यस्ता विविध पक्षहरूमा केही औंल्याउन सकियो भने त्यसले कार्यान्वयनका बेला गरिने निर्णयलाई सहज बनाउन सहयोग गर्न सक्छ ।

## ७. NASA अध्ययनका नतिजा सारांश

केन्द्रको पहिलो १२ वर्षको अवधिमा राष्ट्रिय स्तरमा ११ वटा विद्यार्थी उपलब्धि परीक्षण अध्ययन सम्पन्न भैसकेका छन् । विद्यार्थी उपलब्धि परीक्षणले कक्षा तीन, पाँच, आठ र दस गरी विद्यालय शिक्षाका चार विन्दुमा विद्यार्थी उपलब्धिको अवस्था के छ ? कुन कुन विषयमा उपलब्धि कस्तो छ? अनि- भौगोलिक वा सामाजिक समूह वा अन्य विविध आधारमा उपलब्धिको खण्डीकृत अवस्था कस्तो छ भन्ने जस्ता सूचनाहरू प्रवाह गरिएका छन् । कालक्रमअनुसारको तुलनात्मक अध्ययन (temporal analysis) लाई आधार प्रदान गर्न निश्चित वर्षको अन्तरमा सोही कक्षा र विषयमा उपलब्धि परीक्षण गर्ने गरेको छ । जस्तै- कक्षा आठमा सन् २०११, २०१३, २०१७ र २०२० मा उपलब्धि परीक्षण गरिएको छ । त्यसैगरी कक्षा पाँचको हकमा सन् २०१२, २०१५ र सन् २०१८ मा परीक्षण गरिएको छ । कक्षा तीनको सन् २०१२ र सन् २०१५ मा परीक्षण गर्नुको अतिरिक्त सन् २०२० सालमा पठन तथा गणितीय सीपको राष्ट्रिय परीक्षण (National Assessment of Reading and Numeracy–NARN) समेत सम्पन्न भै सकेको छ । यसका अतिरिक्त सन् २०१९ मा सबै जिल्लालाई समेटेर कक्षा-१० का विद्यार्थीको उपलब्धि परीक्षण गरेको छ ।

*राष्ट्रियस्तरको विद्यार्थी उपलब्धि परीक्षणका वर्ष, जिल्ला, कक्षा तथा विषयगत विवरण*

| क्र.सं. | वर्ष (ई.सं.) | कक्षा | परीक्षणमा परेका जिल्ला सङ्ख्या | उपलब्धि परीक्षण गरिएका विषयहरू |
|---|---|---|---|---|
| १. | २०११ | ८ | २५ | गणित, नेपाली र सामाजिक शिक्षा |
| २. | २०१२ | ५ | २८ | गणित, नेपाली र अंग्रेजी |
| ३. | | ३ | २८ | गणित र नेपाली |
| ४. | २९१३ | ८ | २८ | गणित, नेपाली र विज्ञान |
| ५. | २०१५ | ५ | २३ | गणित, नेपाली र अंग्रेजी |
| ६ | | ३ | २३ | गणित र नेपाली |
| ७. | २०१७ | ८ | २६ | गणित, नेपाली र विज्ञान |

| | | | | |
|---|---|---|---|---|
| ८. | २०१८ | ५ | २४ | गणित र नेपाली |
| ९. | २०१९ | १० | ७५ | गणित, नेपाली, विज्ञान र अंग्रेजी |
| १०. | २०२० | ८ | ७७ | गणित, नेपाली, विज्ञान र अंग्रेजी |
| ११ | २०२० | २ | २० | पठन सीप तथा गणितीय सीप (NARN) |

- कक्षागत दृष्टिले कक्षा तीन, पाँच, आठ र दसमा परीक्षण गरेको देखिन्छ । नेपालको विद्यालय शिक्षाको पाठ्यक्रमलाई केलाउँदा कक्षा तीनले आधारभूत साक्षरता, कक्षा पाँचले प्राथमिक शिक्षान्त, कक्षा आठले आधारभूत शिक्षान्त जनाउँछन् भने कक्षा दसलाई माध्यमिक कक्षाको पहिलो खण्ड समाप्तिको परीक्षाकोरूपमा हेर्न सकिन्छ ।
- निश्चित वर्षको चक्रमा परीक्षण सञ्चालन भएको देखिन्छ । जस्तै, कक्षा पाँचको परीक्षा तीन-तीन वर्षको अन्तरमा सञ्चालन भएको देखिन्छ । कक्षा तीन र आठका परीक्षण पनि ठ्याक्कै एउटै अन्तरमा सञ्चालन नभए पनि मोटामोटी तीन-चार वर्षको अन्तरमा भएको देखिन्छ । कक्षा दसको परीक्षा पहिलो पटक सञ्चालन भएकाले यस बारे अहिले नै भन्न सक्ने देखिएन ।
- विषयगत दृष्टिले मूलतः साक्षरता सीप, र गणितीय सीपलाई परीक्षणको ध्येय बनाएको देख्न सकिन्छ । हरेकजसो परीक्षामा गणित र नेपाली भाषाको परीक्षण छुटेका छैनन् । यस बाहेक अंग्रेजी भाषा र विज्ञान विषयको परीक्षण भएको देखिन्छ ।
- परीक्षणमा कति विषय समेट्ने, वा कति वर्षको अन्तरालमा सञ्लन गर्ने वा नमूनाको आकार कत्रो बनाउने भन्ने विषय केही "डिजाइन" सम्वन्धि प्रश्न हुन्, र केही "लागत-लाभ" विश्लेषणसँग समवन्धित प्रश्न हुन् । यति मात्रै होइन लगातार एकै प्रकारका नतिजा देखा परेको अवस्थामा परीक्षणको बारम्बारताले नयाँ सूचना दिएर शिक्षा प्रणाली सञ्चालनमा खासै योगदान गर्ने नदेखिएमा परीक्षणको चक्र बारेमा अन्यथा निर्णय गर्ने सम्भावनासमेत रहन्छ ।

तलको तालिकाले प्रत्येक कक्षाका सञ्चालन गरिएका पछिल्ला अध्ययनका विषयगत नतिजा सारांशलाई प्रस्तुत गरेको छ । यस आँकडाले मूलतः वर्तमान समयमा

नेपालको विद्यालय तहको विद्यार्थीको राष्ट्रिय उपलब्धिस्तर किटान गर्दछ । उपलब्धि अनुपातको कोलमले तत्तत् कक्षामा विषयगतरूपमा राष्ट्रिय पाठ्यक्रममा तोकिएकामध्ये आधारभूतभन्दा माथिल्लो स्तरका सिकाइ क्षमता हासिल गर्नसक्ने विद्यार्थी जनसङ्ख्या अनुपात जनाउँछ ।

| Students' Achievement in the latest NASA studies | | | | |
|---|---|---|---|---|
| **S. N.** | **Year** | **Grade** | **Subject** | **Average Achievement (%)** |
| 1 | 2018 | 5 | Mathematics | 48 |
| 2 | | 5 | Nepali | 61 |
| 3 | 2019 | 10 | Mathematics | 54 |
| 4 | | 10 | Science | 37 |
| 5 | | 10 | Nepali | 63 |
| 6 | | 10 | English | 49 |
| 7 | 2020 | 8 | Science | 38 |
| 8 | | 8 | Mathematics | 43 |
| 9 | | 8 | English | 51 |
| 10 | | 8 | Nepali | 59 |
| 11 | 2020 | 3 (NARN) | Reading comprehension | 48 |
| 12 | | 3 (NARN) | Numeracy (number knowledge) | 61 |

*Note : The achievement column indicates ratio of student population achieving the stipulated learning abilities above the basic-level, meaning 'proficiency to advance' level.*

## ८. विद्यालय कार्यसम्पादन परीक्षणका नतिजा सारांश

केन्द्रबाट हालसम्म ५१४३ ओटा सामुदायिक विद्यालयहरूको परीक्षण भैसकेको छ । विद्यालयको कार्यसम्पादनलाई मूलतः लगानी, प्रक्रिया र उपलब्धि तथा सेवा प्रदान गरिएका विद्यार्थी गरी चार खण्डमा बाँडिएको छ । ती चार ओटा खण्डअन्तर्गत जम्मा ८९ ओटा सूचक विकास गरी सूचकगतरूपमा जम्मा २६९ अङ्क वितरण

गरिएको छ । जसअनुसार लगानी (२५%), प्रक्रिया (३०%) र उपलब्धि (४०%) ले ९५% भार ओगटछन् भने बाँकी पाँच प्रतिशत सेवा प्रदान गरिएका विद्यार्थी शीर्षकमा छुट्ट्याइएको छ ।

यसप्रकार परीक्षण गरेर अङ्क प्रदान गरेपछि कूल प्राप्ताङ्कका आधारमा विद्यालयको समग्र स्तर निर्धारण गर्ने व्यवस्था छ । जसअनुसार, ४० प्रतिशतभन्दा कम प्राप्ताङ्क भए 'कमजोर, ४० वा सोदेखि माथि ७०% भन्दा कम भए 'सामान्य, ७० वा सोदेखि माथि ९०% भन्दा कम भए 'मध्यम र ९०% वा सोभन्दा माथि अङ्क पाएकोमा 'उत्तम भनेर स्तर तोक्ने व्यवस्था गरेको छ ।

*कुल प्राप्ताङ्कका आधारमा कार्यसम्पादन स्तर निर्धारण तालिका*

| | |
|---|---|
| ४०% भन्दा कम | कमजोर (Poor) |
| ४० वा सोदेखि माथि ७०% भन्दा कम | सामान्य (Fair) |
| ७० वा सोदेखि माथि ९०% भन्दा कम | मध्यम (Average) |
| ९०% वा सोदेखि माथि | उत्तम (Outstanding) |

हरेक बुँदामा पाएको अङ्कले सुधारका निमित्त अति जरूरी क्षेत्र बारे जानकारी दिने र सोमार्फत् उत्तरदायित्वका साथै प्रक्रियागत सुधारका निमित्त सूचना उपलब्ध गराउने उद्देश्य राखेको स्पष्ट हुन्छ । कार्यसम्पादन परीक्षण कार्यअन्तर्गत केन्द्रबाट हालसम्म समेटिएका विद्यालय तथा शैक्षिक संस्थाहरूको सङ्ख्यात्मक विवरण देहायअनुसार छ ।

*हालसम्म परीक्षण सम्पन्न विद्यालय तथ्याङ्क*

| क्र.सं. | आर्थिक वर्ष | जिल्ला सङ्ख्या | विद्यालय सङ्ख्या |
|---|---|---|---|
| १. | ०७३/७४ | ८ | ४१३ |
| २. | ०७४/७५ | २४ | १९६७ |
| ३. | ०७५/७६ | १३ | ९९६ |

| | | | |
|---|---|---|---|
| ४. | ०७६/७७ | ९ | ८९९ |
| ५. | ०७७/७८ | ६ | ५९३ |
| ६. | ०७८/७९ | २ | २३० |
| | जम्मा | ६२ | ५०९८ |

यसरी केन्द्रले हालसम्म ७७ जिल्लाका कक्षा १-१२ जम्मा ६८८५ (CEHRD 2078) वटा सामुदायिक विद्यालयमध्ये ६४ जिल्लाका जम्मा ५१४३ वटा माध्यमिक विद्यालयको कार्य सम्पादन परीक्षण सम्पन्न गरेको छ भने अब १३ वटा जिल्लाका जम्मा १७८७ वटा विद्यालयको कार्यसम्पादन परीक्षण कार्य बाँकी रहेको छ ।

अब कार्य सम्पादन स्तरको चर्चा गर्दा सरदर ८२% विद्यालयले ४० अङ्कको हाराहारी वा ७० अङ्कसम्म हासिल गरी "सामान्य" स्तरमा रहेको पाइन्छ । त्यस्तै गरी सरदर १६% विद्यालयले ९० अङ्कसम्म प्राप्त गरी "मध्यम" स्तरको कार्यसम्पादन प्रदर्शन गरेका छन् । अनि सरदर २% विद्यालयले ४०% अङ्कसमेत प्राप्त गर्न नसकी "कमजोर" स्तरमा दर्ज भएका छन् । अर्कातिर देशभरमा हालसम्म ७ वटा विद्यालयमात्र ९०% वा सोभन्दा बढी प्राप्ताङ्क ल्याउन सफल देखिन्छन् । जसले "उच्च" स्तरको कार्यसम्पादन श्रेणीमा आफूलाई चिनाउन सकेका छन् ।

## ९. NASA अध्ययनका प्राप्तिको समीक्षा

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट गरिएका परीक्षणहरूका प्राप्तिहरूको समीक्षा गर्ने काम त्यति सहज छैन । अघिल्लो परिच्छेदमा चर्चा गरेअनुसार विगतका करिव १२ वर्षमा ११ ओटा राष्ट्रिय उपलब्धि परीक्षण सम्पन्न भैसकेका छन् । सूक्ष्मतहमा गरिएका अध्ययनलाई समष्टिमा व्यक्त गर्दा विशिष्ट चरित्र हराउन सक्ने जोखिम छ भने सामान्यीकरण गरेर भन्नु पनि जोखिममुक्त छैन । यति हुँदाहुँदै पनि अध्ययनको प्राप्तिको सामान्य प्रवृत्तिलाई चिन्न सकिएन भने संश्लेषणमार्फत् हुने ज्ञान निर्माणको चक्र अपुरो रहन्छ । यसैकारण प्राप्तिहरूलाई सारमा व्यक्त गर्ने साहस गरिएको छ । यिनै सन्दर्भलाई मन्थन गरेर विगतदेखिका अध्ययनका मूल प्राप्ति र प्रवृत्तिलाई निश्चित बुँदाहरूमा समेट्न प्रयत्न गरिएको छ ।

## प्राप्ति १– विद्यार्थीको समग्र उपलब्धि कमजोर छ ।

- केन्द्रबाट भएका सबैजसो अध्ययनले विद्यार्थीको न्यून उपलब्धि भएको देखाएको र यो विषयलाई विशेष चासो र चिन्ताका साथ उठाएको देखिन्छ । सामान्यरूपमा हेर्दा कक्षा तीन र पाँचको तुलनामा कक्षा आठमा उपलब्धि कम देखिन्छ । यसबाट माथिल्लो कक्षामा जाँदा उपलब्धिमा झन कमी आएको सङ्केत गर्दछ । विषयगतरूपमा गणित र विज्ञान विषयमा उपलब्धि अन्य विषयका तुलनामा झन कमजोर देखिन्छ ।
- नेपालको सन्दर्भमा उच्च-उपलब्धि हासिल गर्ने समूह अत्यन्त सानो छ । यस्तो कमजोर सिकाइ अवस्थाले (यस्तो खाडललाई कम गर्न विशेष प्रयत्न नभएको अवस्थामा) माथिल्लो कक्षाको सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने स्वतः सिद्ध छ । खासगरी भाषिक सीपले ग्रहणशीलता र उत्पादनशीलता दुवै प्रभावित हुन्छन, फलस्वरूप जुनसुकै विषयको सिकाइ सम्भावनालाई कुण्ठित गर्न सक्छ ।
- त्यसैगरी गणितको पाठ्यक्रम तल्लो कक्षामा पढिने अवधारणाको जगमा निर्मित हुने- "भऱ्याङ्गको खुड्किला" चढेजस्तो अर्थात् माइलस्टोन ढाँचाको हुने सन्दर्भमा तल्लो खुडकिलामा भर लाग्ने गरी वा बलियोसँग टेक्न नसक्दा माथिल्लो खुड्किलामा चढ्ने तागत कमजोर हुनजान्छ । यसप्रकार तल्लो कक्षाको कमजोर जगले माथिल्लो कक्षाको सिकाइमा प्रत्यक्ष र गम्भीर प्रभाव पार्न सक्ने देखिन्छ ।
- विशेष प्रयत्नमार्फत् सहयोग नपुऱ्याएको स्थितिमा विद्यार्थीको सिकाइ झन् झन् कमजोर हुँदै जाने, पढाइमा रूचि र आत्मविश्वास गुमाउने, असफलतामा पुग्न बाध्य हुने वा विचैमा कक्षा छाडने जस्ता जोखिम देखिन्छन । पढाइ पूरा गरिहाले पनि माथल्लो कक्षामा आफूले पढन पाउने विषय रोज्ने सम्भावना साँघुरो हुने, र अन्ततः आफ्ना जीवनका सम्भावनाहरू नै कुण्ठित हुनसक्ने जोखिम देखिन्छ । अर्थात्, वर्तमानमा निम्सरो सिकाइ उपलब्धिको सम्भाव्य असर गहिरो र गम्भीर हुनसक्छ ।

## प्राप्ति २– पढेको विद्यालयअनुसार विद्यार्थीहरूबीच उपलब्धिमा अन्तर अत्यन्त उच्च छ ।

- पढेका विद्यालयअनुसार विद्यार्थीहरूबीचको उपलब्धिको अन्तर अत्यन्त उच्च देखिएको छ । PISA जस्ता अन्तर्राष्ट्रिय स्तरमा सञ्चालित उपलब्धि परीक्षणले विद्यालयहरूबीच हुनसक्ने यस प्रकारको अन्तरलाई "असमानता" को समस्याकारूपमा व्याख्या गर्ने गरेका छन् र विद्यालय प्रणालीहरूबीच उपलब्धिमा अन्तर नहुनुलाई "समता" को उद्देश्य प्राप्तिको अर्थमा व्याख्या गर्ने गरिएको पाइन्छ । जस्तै, PISA 2018 को प्रतिवेदनमा फिनल्याण्डको नतिजा व्याख्या गर्दा विद्यालयहरूबीचको उपलब्धिको अन्तर अत्यन्त सानो भनेर सकारात्मकरूपमा व्याख्या गरिएको छ ।
- सैद्धान्तिक दृष्टिले हेर्दा सामुदायिक विद्यालयप्रतिको विश्वास घट्नु भनेको निजी क्षेत्रका विद्यालय सेवाको माग बढ्नु हो । यस्तो स्थितिमा सामुदायिक विद्यालय सुधारमा निजी क्षेत्रका विद्यालयको हित कसरी जोडिन्छ भन्ने नै अहं सवाल हो । यस्ता प्रश्नमा उचित छलफल नभै निजी विद्यालयको अगुवाइमा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने विषय आउनुलाई नीतिगत अस्पष्टताकारूपमा व्याख्या गर्दा अत्युक्ति नहोला ।
- यसप्रकारको उपलब्धिको अन्तर मूलतः विद्यार्थीको विशेषताको कारणले भएको हो भने विद्यालयको प्रकारअनुसार विद्यार्थीको वितरण हुने अवस्था कतिको हितकर छ ? अथवा, यो अवस्था यदि साँच्चिकै चिन्ताको विषय हो भने सामाजिक-आर्थिक अवस्थाका कारणले एउटै समुदायमा रहेका विद्यार्थी दुई थरी विद्यालयमा बाँडिने अवस्थालाई निरूत्साहित गर्ने विकल्पहरू खोजी गर्ने कि नगर्ने ? अमेरिकामा विद्यार्थीको सामाजिक-आर्थिक अवस्थाअनुसार विद्यालय छुट्टिने अवस्था (segregation) लाई शैक्षिक मात्रै नभै सामाजिक समस्याको स्रोतका रूपमा लिएर भिन्न पृष्ठभूमिका विद्यार्थीहरू एउटै विद्यालयमा मिसिएर पढन सकून् भनेर प्रोत्साहनमूलक र नियन्त्रणात्मक नीति अङ्गीकार गरेको देखिन्छ ।
- एकै प्रकारका विद्यालय (जस्तै, दुवै सामुदायिक) भए पनि उपलब्धि एकैनास छैन । कुनैमा निकै राम्रो उपलब्धि र अर्कोमा निकै कम उपलब्धि भएको

पाइएको छ । विद्यालयमा हुने लगानी, वा विद्यालयका प्रक्रियाहरूलाई यस प्रकारको अन्तरको निर्धारक भनेर छलफल गर्ने गरिन्छ ।

- लगानीअन्तर्गत शिक्षक सबैभन्दा महत्त्वपूर्ण लगानीका रूपमा हेर्ने गरिन्छ । यसका पनि दुई कारण छन् ।पहिलो, विद्यालयमा हुने लगानीमा शिक्षकमा गरिने लगानीले निकै ठूलो हिस्सा ओगट्छ । दोस्रो, अरू लगानी गरेर पनि उपलब्धिमा परिणत गर्न शिक्षककै सक्रियता जरूरी हुन्छ । जस्तै, प्रयोगशालामा लगानी गऱ्यो भने पनि त्यसको उपयोगमा शिक्षककै क्षमता र सक्रियताले काम गरेको हुन्छ । यसप्रकार, शिक्षकको चर्चा गर्दा कक्षा साइज (एउटा कक्षामा कति विद्यार्थीलाई पढाउने ?), शिक्षकको योग्यता, तालिम र पेसागत दक्षता, सेवा सर्त र उत्प्रेरणा जस्ता पाटोहरूलाई महत्त्वका साथ उठाउने गरिन्छ ।
- सिकाइका निमित्त उपयुक्त वातावरण छ छैन भन्ने अर्थमा भौतिक पूर्वाधारको अवस्थालाई लगानीको प्रभाव विश्लेषण गर्दा गणना गर्ने गरिन्छ । यसलाई मापन गर्न प्रति विद्यार्थी लगानी भनेर समतामूलक लगानी भए नभएको र उपलब्धिको अन्तर हुनुमा त्यसको प्रभाव के कति रहेको छ भनेर हेर्ने गरिन्छ । अन्तर्राष्ट्रिय अध्ययनहरूले निश्चित तहसम्म लगानीले प्रभाव पार्ने तर त्यसपछि न्यूनतम अवस्था सुनिश्चित भएको अवस्थामा लगानी थप्दा त्यसले उपलब्धिमा खासै प्रभाव नपारेको देखाएका छन् ।
- पछिल्ला अध्ययनले लगानीका तुलनामा "प्रक्रिया"का पक्षहरूलाई महत्त्वका साथ उठाउने गरिएको पाइन्छ । तर, यसको क्षेत्र अत्यन्त बृहत् छ र प्रक्रियाको कुरा गर्दा कुन प्रक्रिया प्रभावकारी हुने भन्ने कुरा परिस्थिति र सन्दर्भले धेरै हदसम्म प्रभाव पार्ने मानिन्छ ।
- उदाहरणका लागि विद्यालयको नेतृत्व प्रक्रिया, शिक्षणमा उपलब्ध समय (Time on Task), समुदाय परिचालन, अभिभावकसँगको सञ्चार जस्ता विषयका अतिरिक्त शिक्षण-सिकाइका गहन महत्त्वका भित्री प्रक्रियाहरूसमेत यसअन्तर्गत पर्दछन् । जस्तै, शिक्षक-विद्यार्थी अर्न्तकृरिया, शिक्षण-कलाको छनौट, सिकारूको सहभागिता र सिकाइको अवसर (Opportunity to Learn), गृहकार्यको उपयोग, विद्यार्थी मूल्याङ्कन र पृष्ठपोषण जस्ता पक्षहरूलाई विद्यालयगत उपलब्धिमा हुने अन्तरलाई व्याख्या गर्न प्रयोग गरिन्छन् ।

## प्राप्ति ३– विद्यार्थीको पठनसीप कमजोर भएका कारणले समग्र उपलब्धि कमजोर भएको अवस्था छ ।

- विद्यार्थीहरूको पठन सीप कमजोर रहेको कारण ग्रहणशीलता (receptive skills) कमजोर हुने र फलस्वरूप - उत्पादनसम्बन्धी दक्षता (productive skills) र समग्र उपलब्धि कमजोर हुने अन्तर्राष्ट्रिय अध्ययनहरूमा समेत देखिएका छन् । यसअन्तर्गत कतिछिटो र कतिको बुझाइका साथ पढन सक्छन् भन्ने कुरालाई ध्यानमा राखिन्छ । ढिलो पढनेको बुझाइसमेत कमजोर हुने देखिएको छ ।
- नेपालको सन्दर्भमा राष्ट्रिय विद्यालय उपलब्धि परीक्षणका अलावा "प्रारम्भिक कक्षामा पढाइ सीप" (NEGRP) को कार्यान्वयनका सिलसिलामा गरिएका अध्ययनले समेत पठन सीप कमजोर भएको सङ्केत गरेका छन् र यी दुई अध्ययनको नतिजाले एक अर्कालाई पुष्टि गर्न बल दिन्छन् । यसका अतिरिक्त प्रारम्भिक तहमा हुने पठन सीपको कमजोरीले समग्र सिकाइमा हुने कमजोरी झन् झन् थपिंदै जाँदा पछि गएर सिकाइको अन्तर अत्यन्त धेरै हुने भनेर विभिन्न अध्ययनहरूले चर्चा गरेका छन् । यसर्थ, यसको सान्दर्भिकता उच्च छ र प्रभाव गहिरो छ भन्ने देखिन्छ ।
- यसको कारणका बारेमा प्रतिवेदनले खुलेर भन्न सकेको देखिन्न । तर, घरमा सिकाइको वातावरण, बावुआमाको शिक्षा र पेसा जस्ता चल (variables)हरूसँग उपलब्धिको सह-सम्बन्ध देखिनुले विद्यार्थीको सामाजिक-आर्थिक परिवेशसँग केही सम्बन्ध रहेको देखाउँछ ।
- यसका अतिरिक्त प्रारम्भिक तहमा भाषा सिकाउँदा पठन सीप कसरी सिकाइयो भन्ने शिक्षण कलासँग समेत यसको सम्बन्ध हुनसक्ने अनुमान गर्न सकिन्छ ।
- कार्यान्वयनमा जाने बारेमा प्रतिवेदनले किटेर भनेको छैन । मूलतः शिक्षकको पेसागत क्षमता विकासमार्फत् 'शिक्षण कलाको अभ्यासमा सुधार गरी पठन सीपमा सुधार गर्ने बारेमा उल्लेख गरेको देखिन्छ ।

**प्राप्ति ४- विद्यार्थीहरूमा "तल्लो तहका-दक्षता मापन गर्ने (lower–order thinking)" अन्तर्गतका प्रश्नमा उत्तर दिने तुलनामा "उच्च-दक्षता मापन गर्ने (higher–order thinking)" अन्तर्गतका प्रश्नमा उत्तर दिने मामलामा झनै कमजोर देखिएका छन् ।**

- एक्काइसौँ शताब्दिको सीपको कुरा, वा जोवनोपयोगी सीपको कुरा, वा खुल्ला र तर्कपूर्ण उत्तर दिने वा आलोचनात्मक चिन्तन (Critical thinking) र सिर्जनशीलता जस्ता सीपको विकास गर्ने पक्षलाई महत्त्वका साथ उठाइएको बेला विद्यार्थीहरूमा स्वतन्त्र अभिव्यक्ति गर्ने क्षमतामा देखिएको कमजोरीलाई गम्भीर रूपमा लिनुपर्ने देखिन्छ ।
- यसप्रकारको समस्याको मूल सम्बन्ध शिक्षण कलासँग हुने देखिन्छ । साथसाथै, पाठ्यक्रमको डिजाइन र सङ्गठनले समेत प्रभाव पार्न सक्ने देखिन्छ । त्यसै गरी विद्यार्थी मूल्याङ्कनको पद्धतिले समेत शिक्षण अभ्यासलाई प्रभावित गर्न सक्ने देखिन्छ । अलि बृहत् रूपमा कुरा गर्दा, शिक्षक तयारी, शिक्षक उत्प्रेरणा वा उत्तरदायित्व जस्ता पक्षहरूले निश्चय नै शिक्षण अभ्यासलाई प्रभावित गर्छन् र त्यसको सम्बन्ध विद्यार्थीमा यसप्रकारको सीप विकास हुने कुरासँग हुने विश्वास गरिन्छ ।

**प्राप्ति ५- विद्यार्थीको उपलब्धिमा असमानता देखिने तत्त्वहरूमा सामाजिक समूहको (खासगरी दलित/मधेसी) पनि स्पष्ट प्रभाव देखिन्छ ।**

- हरेक विद्यार्थीले सिक्ने सामर्थ्य राख्छन् र विद्यालयले यसप्रकारका अन्तर्निहित क्षमतालाई प्रस्फुटन हुने अवसर प्रदान गर्दछ भन्ने अपेक्षा गरिन्छ । यदि त्यसो हुँदैन र विद्यार्थी जन्मेको स्थान विशेषले, समूह विशेषले उसका सम्भावनाहरू निर्धारित गर्छन् भन्ने अवस्था आयो भने "समता"का दृष्टिले शैक्षिक प्रणालीको क्षमतामा प्रश्न उठ्नु अस्वाभाविक हुन्न । त्यसैले नेपालमा विद्यार्थीको सामाजिक पृष्ठभूमिले उनीहरूका उपलब्धि प्रभावित हुनु भनेको शिक्षा प्रणालीले समता प्रवर्द्धन गर्न नसकेको कमजोरीका रूपमा बुझ्ने गरिन्छ ।

- नेपालका सन्दर्भमा विगतका प्राय सबैजसो उपलब्धि परीक्षणले सबैजसो विषयमा दलित समूहको उपलब्धि कमजोर रहेको देखाएको छ । त्यसै गरी गणित विषयबाहेकका अन्य विषयमा मधेसी समुदायका विद्यार्थीको सिकाइ उपलब्धि पनि कमजोर रहेको देखिएको छ ।

- यसप्रकारको उपलब्धिको असमानतालाई विद्यालयको लगानी र प्रक्रियागत प्रभावकारितासँग जोडेर हेरिन्छ । साथै, घरपरिवारको परिवेश, घरमा बोलिने भाषा, सिकाइका निमित्त सहयोगी वातावरणको उपस्थिति, खाँचो पर्दा परिवारका सदस्यबाट प्राप्त हुने सिकाइमा सहयोग जस्ता विद्यालय बाहिरका तत्त्वहरूसँग समेत जोडेर हेर्ने गरिन्छ ।

- अमेरिकामा शैक्षिक अवसरमा समानता सम्बन्धमा १९६० को दसकमा गरिएको कोलमान स्टडिका नाममा बहुचर्चित, बहुप्रचारित, Equality of Educational Opportunity सम्बन्धी अध्ययनले विद्यालयमा हुने सिकाइ उपलब्धिमा विद्यालय बाहिरका र खासगरी घर-परिवारसँग सम्बन्धित पक्षहरूको ज्यादै ठुलो प्रभाव रहने भनेर उल्लेख गरेपछि यसले अन्तर्राष्ट्रिय स्तरमै विशेष चर्चा र आलोचनासमेत निम्त्याएको थियो । यसका प्राप्ति बारे सायद सबैभन्दा बढी चर्चा भए, र आलोचना पनि निकै भए ।

- विद्यालय बाहिरको र खासगरी घर-परिवार वा समुदायसँग समबन्धित यो तत्त्वको प्रभाव सिकाइ उपलब्धिमा बलियो देखिए पनि खराब नतिजाको कारण विद्यालयबाहिरका तत्त्वलाई जिम्मा दिएर उम्कन खोजियो भने सुधारको सम्भावना छैन भनेर स्वीकार गर्नु जस्तै हुन जान्छ । अर्थात्, उपलब्धिमा देखिने असमानतालाई सामाजिक पृष्ठभूमिको आवरणमा व्याख्या गरेर विद्यार्थी र परिवारको कमजोरीको देखाउने कुराले प्रणालीगत सुधारमा सहयोग गर्न सक्दैन ।

- PISA (2018) को अध्ययनमा यसप्रकारको सम्भाव्य असरलाई (Economic, Social and Cultural Status -ESCS) भनेर व्याख्या गरेको छ र यसअन्तर्गत मूलतः तीनओटा तत्त्वहरूलाई समेटेको देखिन्छ :

  अ) आमाबाबुको पेसा, आ) आमाबाबुको उच्चतम शिक्षाको तह, र इ) घरमा सम्पत्ति, सहयोगी संस्कृति र सहयोगी सामानको उपलब्धता । छोटकरीमा

घर-परिवारको सामाजिक-आर्थिक स्तर (Socio–Economic Status–SES) भनेर चिनिने यस तत्त्वलाई हरेक अन्तर्राष्ट्रिय अध्ययनले प्रभावी तत्त्वका रूपमा चर्चा गरेका छन् । कतिपय मुलुकले घर-परिवारले समान रूपमा अवसर उपलब्ध गराउन नसकेको कारणले सिर्जित सिकाइको क्षतिको आपूरण गर्न विशेष योजना बनाउने गरेको पनि देखिन्छ । जस्तै- इस्तोनिया- जुन OECD अन्तर्गत उच्चतम उपलब्धि हासिल गर्नेमध्येको देशहरूमा पर्दछ- ले घरमा हुने विषमतापूर्ण अवस्थाले सिर्जना गर्ने क्षतिलाई आपूरण गर्न विद्यालयले विशेष योजना बनाएर सहयोग गर्ने गरेको उल्लेख गरेको छ ।

- तर पनि घर परिवारको परिवेशको असर निकै ठूलो असर हुनसक्छ भन्ने फिनल्याण्डको अनुभवले समेत देखाउँछ । यस मुलुकको उपलब्धिलाई विगत धेरै वर्षदेखि प्रशंसायोग्य भनेर बयान गरिएको छ । तर यहाँ पनि स्वेडिस भाषा बोल्ने क्षेत्रका विद्यालयको उपलब्धि अन्यत्रका विद्यालयको तुलनामा उल्लेखनीय रूपमा राम्रो छ । नेपालका सन्दर्भमा भने यस पक्षको कारकहरूको बारेमा गहिरो अध्ययन भएको देखिन्न ।

**प्राप्ति ६- विद्यार्थीको उपलब्धिमा असमानता देखिने तत्त्वहरूमा विद्यालय रहेको भौगोलिक क्षेत्रको पनि स्पष्ट प्रभाव देखिन्छ ।**

- नेपालका सन्दर्भमा शहरी क्षेत्रका तुलनामा ग्रामिण क्षेत्रका विद्यार्थीको, अन्य प्रदेशका तुलनामा मधेस प्रदेश र कर्णाली वा सुदूरपश्चिम प्रदेशका विद्यार्थीको उपलब्धि कमजोर देखिएको छ । उपलब्धिको अन्तरसमेत उल्लेख्य छ । यो पक्ष समताका दृष्टिले चिन्ताको विषय हो ।
- यसलाई बिभिन्न अर्थमा व्याख्या गर्न सकिने देखिन्छः भौगोलिकरूपमा दुर्गम र अपायक स्थानहरूमा लगानी समानुपातिक नहुने र लगानीमा देखिने असमानताले उपलब्धिलाई प्रभावित गर्न सक्ने । यसमा शिक्षक आपूर्ति पूरा मात्रामा नहुने, दरबन्दी कम हुने वा दरबन्दीमा खटिएका शिक्षकसमेत बसाइमा कठिनाइ हुने हुँदा अनेक कारण देखाएर सुगमतिर सर्ने, गुणस्तर दिनसक्ने योग्य र सक्षम शिक्षकहरू उच्च प्रतिस्पर्धा हुने सुगममा रहने र

दुर्गममा अन्यत्र प्रतिस्पर्धा गर्न नसक्ने कमजोर शिक्षकहरू मात्र रहन पुग्ने । केन्द्रिय शिक्षक व्यवस्थापन प्रणाली हुने मुलुकमा यो समस्या अझ बढी देखिन्छ ।

- श्रीलङ्कामा दुर्गम र अपायक स्थानमा शिक्षक पठाउन कठिन, पठाए पनि नटिक्ने र न्यून-प्रतिस्पर्धामा स्थानीय तहमै (कमजोर क्षमता पनि हुनसक्ने) शिक्षक भर्ना गर्नुपरेको अवस्थाले यही सङ्केत गर्दछ । यी विषयले भौगोलिकरूपमा दुर्गम वा प्राथमिकतामा वा रोजाइमा नपर्ने स्थानहरूमा शिक्षक लगायतका अन्य लगानीमा असमानता रहेको हुनसक्नेतर्फ सङ्केत गर्दछन् । नेपालका सन्दर्भमा यो कति मात्रामा 'लगानीका असमानता ले व्याख्या गर्न सक्छ भन्न कठिन छ ।
- अब दोस्रो पक्षतिर हेरौँ । प्रशासनिक निगरानी कमजोर हुनसक्ने र फितलो व्यवस्थापनका कारणले उपलब्धि प्रभावित हुनसक्ने । यसप्रकार विद्यालय सञ्चालनको प्रक्रियागत कमजोरीका कारण (जस्तै- शिक्षणमा लगाएको समय कम हुनसक्ने) ले उपलब्धिलाई प्रभावित गरेको हुनसक्ने देखिन्छ ।
- परिवारको आफ्ना वालवालिकाको शिक्षाबाट हुने अपेक्षा तथा त्यसलाई दिने महत्त्व पनि महत्त्वपूर्ण मानिन्छ । यो महत्त्वले विद्यार्थीले गर्ने मेहनत र शिक्षकसँगको समबन्धलाई समेत निर्धारण गर्न सक्ने देखिन्छ । अमेरिकाका सन्दर्भमा गरिएका कतिपय अध्ययनमा गोरा समुदाय तथा एसियाली मूलका अमिरिकी समुदायका विद्यार्थीको उपलब्धि काला तथा हिस्पानिक समुदायका विद्यार्थीका अपेक्षामा राम्रो रहेको देखिएको छ । यसमा घरमा हुने साधन मात्रै ठूलो नभै शिक्षालाई समूदायले दिने महत्त्वलाई विशेषरूपमा उल्लेख गरेको देखिन्छ ।
- समुदायको चेतना र हस्तक्षेपलाई निकै महत्त्वका साथ व्याख्या गर्ने गरिन्छ । अन्य अवस्था समान हुँदाहुँदै पनि समुदायको चेतना, सहयोग र हस्तक्षेपका कारणले समेत समग्र विद्यार्थी उपलब्धि प्रभावित हुनसक्ने विभिन्न अनुसन्धानले देखाएका छन् । यी सबै वा केही तत्त्वहरू भौगोलिक असमानताको आवरणभित्र लुकेका हुनसक्छन् । राष्ट्रिय उपलब्धि परीक्षणले सङ्केत गरेको विषयहरूमा गहिरो अध्ययनले मात्रै ठोस कारणका बारेमा जानकारी पाउन सहयोग पुग्न सक्छ ।

**प्राप्ति ७– लगानीका विभिन्न पक्षहरूको उपलब्धिमा सोझो सम्बन्ध हुनसक्ने ठानिन्छ । समयमा पाठ्यपुस्तक पाउन सके नसकेको भन्ने प्रश्नको समेत प्रभाव देखिएको छ ।**

- परीक्षण केन्द्रले गरेका धेरैओटा परीक्षणमा समयमा पाठ्यपुस्तक पाउने वा नपाउने भन्ने विषयको उपलब्धिसँग सोझो सम्बन्ध रहेको देखिएको छ । सोझो अर्थमा भन्दा समयमा पाठ्यपुस्तकको आपूर्तिले उपलब्धिमा सकारात्मक प्रभाव पार्छ भनेर मान्नुपर्ने हुन्छ ।
- अर्कोतिर, दुर्गम भेगमा पाठ्यपुस्तक समयमा नपुगेको हुनसक्ने (किनभने सुगम स्थलमा प्रायः यस्तो समस्या सुनिन्न) स्थितिमा पाठ्यपुस्तक नपुगेको कारणले भन्दा पनि कमजोर उपलब्धि हुने क्षेत्रहरूमा (माथिल्लो बुँदामा चर्चा गरिएको) पाठ्यपुस्तक पनि समयमा नपुगेको हो कि भनेर पनि हेर्नुपर्ने हुन्छ । त्यसकारण, यसले अलिकति गहिराइमा अध्ययन माग गर्छ ।
- कार्यान्वयनमा जाने बारेमा कुरा गर्दा समयमै पाठ्यपुस्तक पुऱ्याउने, सो नहुँदासम्म गत वर्षका पुस्तकको उपयोग गरेर शिक्षण सुचारू गर्ने जस्ता विकल्पमा छलफल हुनजसक्छन् । तर, यस प्राप्तिले सङ्केत गरेको कुरालाई थप तथ्यगत विवरण सङ्कलन गरेर स्थापित गर्नुपर्ने देखिन्छ ।

**प्राप्ति ८– गृहकार्य दिने, परीक्षण र पृष्ठपोषण दिने जस्ता विषय, सिकाइ उपलब्धि वृद्धिका लागि निरन्तर प्रभावी रहे ।**

- सामान्यतया सिकाइ उपलब्धिलाई शिक्षणका निमित्त गरिएका प्रक्रियागत पक्षहरूले ठूलो मात्रामा प्रभाव पार्छन भनेर मान्ने गरिन्छ । त्यसमा पनि शिक्षणलाई नजिकबाट प्रभाव पार्ने प्रक्रियागत पक्षहरूको उपलब्धिसँग झन् कसिलो सम्बन्ध भएको देखिन्छ । त्यसमा विद्यालय व्यवस्थापन (प्रअ) र अझ शिक्षकको तहमा गरिने प्रक्रियाको असर झन् बढी देखिन्छ । यस प्राप्तिले सिकाइका निमित्त उचित अवसर दिने (उपयुक्त काम दिने, गरेको हेर्ने, गर्न उत्प्रेरित गर्ने, गर्ने तरिकाको प्रदर्शन गर्ने) तथा उनले गरेका काममा प्रोत्साहन गर्ने र पृष्ठपोषण दिने जस्ता कार्यहरूले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्न सक्छन् ।

- शिक्षकको तयारी, शिक्षकको उत्प्रेरणा तथा उत्तरदायित्व प्रणाली तथा विद्यालय व्यवस्थापनको प्रभावकारिता जस्ता पक्षहरूले यस्ता शैक्षणिक व्यवहारलाई निर्देशित गर्ने देखिन्छ ।
- कार्यान्वयनका पक्षमा विचार गर्दा विद्यालय व्यवस्थापन (खासगरी प्रअको भूमिका) लाई थप उत्तरदायी र थप कसिलो बनाउने विषय सबैभन्दा महत्त्वपूर्ण हुनसक्ने देखिन्छ ।

**प्राप्ति ९- विद्यार्थीले आफूले हेपिएको ठान्ने अवस्था वा अरूको अनिच्छित व्यवहारले उपलब्धिमा नकारात्मक प्रभाव पारेको देखिएको छ । अर्कोतिर, आफ्नो विद्यालय र शिक्षकप्रति गर्व गर्ने र विद्यार्थीले शिक्षक तथा विद्यालय परिवारलाई सम्मान गर्ने भन्ने जस्ता मनोवैज्ञानिक र आपसी मधुर सम्बन्ध भएका स्थितिमा उपलब्धिमा सकारात्मक सह-सम्बन्ध रहेको छ ।**

- विद्यालयसँगको विद्यार्थीको सम्बन्ध निकै महत्त्वपूर्ण हुने देखिन्छ । आफूले हेपिएको (bullying) अनुभव गरेको, शिक्षकले सकारात्मक सहयोग नगरेको, सम्बन्ध सुमधुर नरहेको वा आफ्नो शिक्षक र विद्यालयप्रति गर्व नगर्ने अवस्थामा उपलब्धि कमजोर देखिएको छ । यसलाई सिकाइका निमित्त सकारात्मक वातावरण (conducive learning environment) को महत्त्वको अर्थमा समेत व्याख्या गर्न सकिन्छ ।
- विद्यालय व्यवस्थापन र शिक्षकका तहमा यस सम्बन्धीको कार्यान्वयन योजना बन्न सक्ने देखिन्छ । अभिभावकसँगको सम्बन्ध र सञ्चार पनि यसमा गाँसिएर आउन सक्दछ ।

**प्राप्ति १०- विद्यार्थीको उपलब्धिमा पारिवारिक पृष्ठभूमिको प्रभाव निकै बलियो भएको पाइयो ।**

- बाबुआमाको पेसा, वाबुआमाको शैक्षिक स्तर, आय वा घरमा भएका सामानहरू जस्ता पक्षलाई हरेकजसो अध्ययनले उपलब्धिसँग नजिकको सम्बन्ध भएका तत्त्वकारूपमा व्याख्या गरेका छन् ।

- विद्यालयको प्रक्रियागत सुधारले यी कुनै पनि पक्षलाई प्रभावित गर्न सक्दैन । न त बाबुआमाको पेसा फेर्न सक्छ, न त शैक्षिक स्तर वा आय । बरू यी तत्त्वका कारणले उपलब्धि कसरी प्रभावित हुन्छन् भन्ने अध्ययन गरेर यी बाह्य तत्त्वको प्रभावलाई न्यूनीकरण गर्ने गरी योजना बनाउन सक्ने देखिन्छ । खासगरी पारिवारिक पृष्ठभूमि प्रतिकूल भएका सन्दर्भमा विद्यालयले कसरी सहयोग गर्न सक्छ भन्ने नै कार्यान्वयनका सन्दर्भमा महत्त्वपूर्ण हुने देखिन्छ ।

## १०. कार्य सम्पादन परीक्षणका प्राप्ति समीक्षा

विद्यालय कार्य सम्पादन परीक्षणले कुनै एउटा विद्यालयको बारेमा र समग्र शिक्षा प्रणालीको बारेमा निकै महत्त्वपूर्ण सूचना प्रदान गर्न सक्दछ । केन्द्रले विगत १० वर्षमा सम्पन्न गरेका अध्ययनका आधारमा प्राप्तिलाई सारांशमा यसरी प्रस्तुत गरिएको छ ।

### प्राप्ति ११- एउटै पालिकाभित्र पनि विद्यालयहरूबीचको कार्यसम्पादनको स्तरमा ठूलो असमानता देख्न सकिन्छ ।

- माथि चर्चा गरिए जस्तै विद्यालयहरूबीचको असमानताले ती फरक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका विकासका सम्भावना समेत प्रभावित गर्नसक्ने हुँदा यो निकै चिन्ता र चासोको विषय हुनुपर्दछ ।
- आफ्नो क्षेत्रभित्रका विद्यालयका उपलब्धि समीक्षा गर्ने, स्रोत वितरणमा समता प्रवर्द्धन गर्ने, न्यूनतम पूर्वाधार पूरा गर्न लगानी गर्ने र अभिभावक र समुदाय सहयोगको प्रवर्द्धन गर्ने, वा एउटा राम्रो अभ्यास गर्ने विद्यालयका अनुभवहरू अरू विद्यालयसम्म पुऱ्याउने, शैक्षणिक नेतृत्व प्रवर्द्धन गर्न एउटा विद्यालयको नेतृत्वमा अरू विद्यालयले सहकार्य गर्ने वा नेटवर्क तयार गर्ने जस्ता अभ्यासहरू धेरै हुन सकेको देखिएन । यसो हुन सकेको भए कुनै एउटा पालिका र अर्को पालिकाको स्तरमा फरक हेर्ने अवस्था आउन सक्थ्यो । शिक्षाको व्यवस्थापनसँग सम्बन्धित यी महत्त्वपूर्ण कार्यहरू प्रभावकारीरूपमा सम्पादन गर्न गाउँ/नगरपालिकाको अपेक्षाकृत स्तरमा क्षमता विकास भएन कि भन्ने देखिएको छ ।

- यो प्राप्तिले शैक्षिक व्यवस्थापनका क्षेत्रमा स्थानीय पालिकाहरूको क्षमता विकास गर्नुपर्नेतर्फ सङ्केत गर्दछ । कतिपय पालिकाहरूको आकारका कारणले र क्षमताका कारणले सबै भूमिका पूरा गर्न कठिन हुने स्थितिमा ओल्लापल्ला दुई वा तीन पालिकाको संयुक्त संयन्त्रमार्फत् वा जिल्लास्थित शिक्षा विकास समन्वय इकाइमार्फत् समन्वय गरी शैक्षिक व्यवस्थापनमा सुदृढीकरण गर्नुपर्नेतर्फ सङ्केत गरेको देखिन्छ ।

## प्राप्ति १२- विद्यालयहरूबीच लगानीमा असमानता छ । तर पनि लगानीमा उच्च स्कोर प्राप्त गरेका विद्यालयहरूको समेत अपेक्षाकृत स्तरको उपलब्धि देखिन्न ।

- विद्यालयहरू बीचको कार्यसम्पादनको अन्तरलाई उपलब्ध लगानी वा स्रोतले व्याख्या गर्न सकेको देखिन्न । शिक्षक अपर्याप्त भनेर कुनै विद्यालयको अवस्थाको कुरा गर्दा शिक्षक-विद्यार्थी अनुपात अत्यन्त कम भएको अर्को विद्यालयको समेत नतिजा राम्रो नदेखिनुले लगानीको महत्त्व हुँदाहुँदै पनि व्यवस्थापन प्रक्रिया अझ बढी सबल तत्त्वकारूपमा देखा परेको छ ।
- विद्यालय तहमा प्रधानाध्यापकको 'प्रभावकारी नेतृत्वलाई पनि महत्त्वपूर्ण पक्षकारूपमा व्याख्या गर्ने गरेको देखिन्छ । प्रअको नेतृत्वको प्रभावकारिताले शिक्षकको उत्प्रेरणा, शिक्षकबाट हुने उच्च स्तरका प्रयत्नलाई समेत प्रभावित गर्नसक्ने देखिन्छ । समुदायको सक्रियता बढाउनसमेत यो नेतृत्वको भूमिका महत्त्वपूर्ण भएको देखिन्छ ।
- कार्यान्वयनमा जाने सन्दर्भमा प्रअको क्षमता विकास, प्रअबाट भएका प्रयत्नको नियमित समीक्षा गर्ने र उच्चस्तरको व्यवस्थापकीय क्षमता प्रदर्शन गर्ने प्रअलाई अन्य विद्यालय सुधारमा स्थानीय तहले मेन्टर अर्थात् सहसिकाइकर्ताका रूपमा परिचालन गर्ने जस्ता विषयहरूमा छलफल हुनुपर्ने देखिन्छ ।
- परीक्षणमा विद्यालयले पाएको औसत प्राप्ताङ्कका आधारमा विश्लेषण गर्दा लगानी र प्रक्रिया उप-क्षेत्रमा औसत अङ्क ६० भन्दा कम भएको देखिन्छ । साथै, विद्यार्थीको विभिन्न कक्षा र विषयको औसत प्राप्ताङ्क "निकै कम" (प्रतिवेदनले प्रयोग गरेको रेटिङ) ५४.४ भए पनि सेवाग्राही (६७.४%) र शिक्षकको पेसागत सन्तुष्टि (६८.१%) "निकै राम्रो" देखिएको छ । यसरी विद्यार्थीले पाएको अङ्क वा हासिल गरेको उपलब्धि कमजोर हुँदा पनि सन्तुष्टिको स्तर राम्रो भएको

देखिँदा 'सन्तुष्टिको मानकले विद्यार्थी उपलब्धिलाई समेटन नसकेको हो कि भन्ने अनुमान गर्न सकिन्छ ।

**प्राप्ति १३– विद्यालयको कार्यसम्पादनको बढोत्तरी वा न्यूनतामा शिक्षकको सङ्ख्यात्मक प्रबन्ध, शिक्षकको पेसागत क्षमता तथा भौतिक सुविधाको व्यवस्था जस्ता पक्षहरू अधिक रूपमा निर्णायक र जिम्मेवार देखिए ।**

- शिक्षकको वितरण समान हुन नसकेको र सिकाइका निमित्त सहयोगी वातावरण बनाउने तत्त्वहरूमा शिक्षकको भूमिका प्रधान हुने सन्दर्भमा लगानीमा समन्यायिकताको प्रवर्द्धन गर्न पर्याप्त सख्यामा शिक्षकको वितरण तथा शिक्षक दक्षता, उत्प्रेरणा जस्ता पक्षबाट हुने प्रभावलाई समेत आँकलन गर्न आवश्यक भएको ।
- शिक्षक पेसागत विकासका निमित्त उपलब्ध अवसरहरू अपर्याप्त रहेको तथा तिनको प्रभावकारिता बारेसमेत प्रश्न उठने गरेको सन्दर्भमा शिक्षकको पेसागत विकासका कार्यक्रमहरूको प्रभावकारिता र विस्तारलाई सम्बोधन गर्ने गरी योजना र व्यवस्थापन जरूरी भएको ।
- विभिन्न प्रतिवेदनहरूले कमजोर/अपर्याप्त पूर्वाधारलाई पनि सिकाइ प्रक्रियाको सुधारमा बाधकका रूपमा औँल्याएको स्थितिमा सिकाइका निमित्त न्यूनतम वातावरण उपलब्ध गराउने गरी नीति र कार्यक्रममा व्यवस्था ढिला भइसकेको ।
- खासगरी विद्यालय स्थापनाकै बखत न्यूनतम पूर्वाधार सुनिश्चित गर्ने (विद्यालय स्थापनाका सर्तहरूलाई थप कसिलो बनाउने) विषय एउटा हो भने स्थापित विद्यालयहरूको समेत निश्चित समय सीमाभित्र पूर्वाधार सबल बनाउने गरी योजना निर्माण र कार्यान्वयनलाई प्राथमिकताको कमी भएको ।
- सामुदायिक विद्यालयहरूप्रति समुदायको अपनत्व र चासो घटेको र सो कारणले पर्याप्त सहयोग र निगरानीमा समेत समस्या देखिएको ।
- आवश्यक सहयोगमार्फत् निश्चित स्तर कायम गरेर साख फर्काउने, विद्यालय छनौटलाई समेत नियमन गर्ने, र उत्तरदायित्वको प्रणालीलाई लगानीसँग आवद्ध गरेर नतिजाका थप मेहनत गर्न बाध्य बनाउने विभिन्न उपायहरू सहितको नीतिगत सुधार कार्यक्रम प्रस्ताव गर्ने र समयवद्ध रूपमा लागू गर्न आवश्यक देखिएको ।

## ११. मुख्य अध्ययन प्राप्तिका आधारमा सुधार कार्यक्रम ढाँचा

प्रतिवेदनका प्राप्तिहरूलाई कार्यान्वयनमा लैजाने विषयले समग्र अध्ययन र परिक्षणको सान्दर्भिकता र औचित्य स्थापित गर्दछन् । यो विषय निकै महत्त्वको छ र त्यत्तिकै चुनौतिपूर्ण पनि । किनभने कार्यान्वयनमा दिइने सुझाव प्रष्ट वा विशिष्ट (specific) नहुँदा कार्यान्वयनमा सहज नहुने र प्रष्ट बनाउन खोज्दा परिस्थितिजन्य विविधतालाई आँखा चिम्लने खतरासमेत रहन्छ ।

यस परिच्छेदमा प्राप्तिलाई वास्तविकरूपमा कार्यान्वयन गर्ने विषयमा केही छलफल र सो आधारमा कार्ययोजना प्रस्तुत गरिनेछ । Davies, et. Al. (2010) सार्वजनिक सेवा सुधारका निमित्त गरिएका अध्ययनका प्राप्तिको उपयोग किन हुन्छ वा हुँदैन, वा के गरेमा उपयोग बढ्न सक्छ भन्ने बारेमा केही बुँदाहरू संश्लेषण गरेका छन् ।

यसक्रममा अध्ययन अनुसन्धानको डिजाइनदेखि लिएर प्रतिवेदनको चरणसम्ममा गरिनुपर्ने पक्षहरू बारे चर्चा गरेका छन् । उनले अध्ययनको सान्दर्भिकता, त्यसप्रति प्रयोगकर्ताको विश्वास, अध्ययनका प्राप्तिहरू आवश्यकता लक्षित भए भएनन् भन्ने जस्ता प्राविधिक पक्षका अतिरिक्त स्थानीय तहको अपनत्व, परिस्थिति सापेक्ष रणनीति, नेतृत्वको भूमिका जस्ता राजनीतिक वा रणनीतिक पक्षहरूलाई नीतिगत सुधारको उपयोगको सर्तका रूपमा व्याख्या गरेका छन् ।

कसैले 'तयार गरेको ज्ञानलाई अरू कसैले ग्रहण गर्ने वा उपयोग गर्ने क्रममा निकै चुनौतीहरू हुनसक्छन । त्यो नयाँ ज्ञानलाई प्रयोग तहले कसरी लिन्छ, कसरी बुझ्छ, कसरी व्याख्या गर्छ ? अनि त्यसलाई आफ्नो ज्ञानकोरूपमा स्वीकार वा ग्रहण गर्छ वा बाह्य-ज्ञानकै तहमा छोड्छ ? अनि, त्यो ज्ञानलाई व्यावहारिक कार्यक्षेत्रमा प्रयोग गर्नेमा कत्तिको उत्साह देखाउँछ ? यसमा आफूलाई वा आफ्नो सङ्गठनलाई कसरी लाभ पुग्छ वा हानि हुन्छ भन्ने उसका व्याख्या, कार्यान्वयनमा बाह्य दवावलगायतका पक्षहरू पनि उत्तिकै महत्त्वपूर्ण छन् ।

शैक्षिक अनुसन्धान र त्यसमा पनि विद्यालयसँग सम्बन्धित अनुसन्धानका प्राप्तिहरूलाई कार्यान्वयनमा लैजाने सन्दर्भमा Marzano (2003) गहन विश्लेषण गरेका छन् । उक्त विश्लेषण यहाँ सान्दर्भिक हुनसक्ने ठानेर केही अंशहरू साभार गरिएका छन् ।

उनले विद्यालय, शिक्षक, तथा विद्यार्थी तहका तत्त्वहरू बारे अलगअलग चर्चा गरेका छन् । सो आधारमा कार्यान्वयन पक्षको विवेचना गरेका छन् ।

## क) विद्यालयसँग सम्बन्धित तत्त्वहरू

विद्यालयसँग सम्बन्धित तत्त्वहरूअन्तर्गत पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता, चुनौती दिने खालका लक्ष्य र पृष्ठपोषणको प्रबन्ध, अभिभावक र समूदायको सहभागिता, सुरक्षित र व्यवस्थित सिकाइ वातावरण, तथा शिक्षकहरूबीच आपसी सहकार्य गर्ने वातावरण र पेसाधर्मिता वा व्यावसायिकताको संरक्षण जस्ता बुँदाहरू समाविष्ट छन् ।

- पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितताः यसका निमित्त सिकाइको अवसर (opportunity to learn) लाई अधिकतम बनाउने विषयलाई एउटा महत्त्वपूर्ण आधारकारूपमा ब्याख्या गर्ने गरिन्छ । विद्यार्थी उपस्थित नभएर वा शिक्षक उपस्थित नभएर वा कक्षा नियमित सञ्चालन नभएर वा, अरू कुनै कारणले शिक्षणको समय अन्य काममा लागेर / लगाइएर विद्यार्थीले सिकाइको अवसर गुमाएको हुनसक्छ । यसो हुँदा विद्यार्थीले पूरा गर्नुपर्ने भनेर स्वीकृत पाठ्यक्रमले तोकेका कतिपय क्षेत्रहरू पूरा नहुन सक्ने र अन्ततः विद्यार्थीको सिकाइ प्रभावित हुने अवस्था आउन सक्छ । त्यसैले यसलाई मूलतः पाठ्यक्रमको उचित कार्यान्वयनको विषयकारूपमा बुझ्न सकिन्छ । र व्यवस्थापनका विधिमार्फत् अनुगमन र नियन्त्रणसमेत अपेक्षित हुनजान्छ । शिक्षण समय बढाउनका निमित्त सबै विकल्पहरू खोजी गर्नुपर्दछ- कुल शिक्षण दिन बढाउन, शिक्षणबाहेकका काममा हुने समय घटाउन, शिक्षकको शिक्षण समयलाई उच्चतम विन्दुमा कायम गर्न सम्भाव्य विकल्पहरू खोजी गरिनुपर्दछ ।
- चुनौती दिने खालका लक्ष्य र पृष्ठपोषणको प्रबन्धः कतिपय अवस्थामा शिक्षक, अभिभावक वा विद्यार्थीको तहमा सामान्य उपलब्धि मै सन्तुष्ट हुने बानी पनि देखिन्छ, जसले थप मेहनत गर्ने जाँगर कम हुन सक्छ । त्यसैले विद्यालय व्यवस्थापनले लक्ष्य निर्धारण गर्दा- 'भेट्टाउन सम्भव', तर 'चुनौतीपूर्ण हुने गरी निर्धारण गर्न सुझाव दिने गरिन्छ । सो लक्ष्य प्राप्ति के कति भयो,

किन हुन सकेन भनेर समय समयमा समीक्षा गर्ने तथा पृष्ठपोषण प्रदान गर्ने कार्य लक्ष्य प्राप्तिमा सहयोगी हुन सक्दछ ।

- अभिभावक र समूदायको सहभागिताः कतिपय अवस्थामा विद्यालयबाहिरका तत्त्वहरू, खासगरी घर-परिवार र समुदायसँग सम्बन्धित तत्त्वहरू निकै प्रभावी हुन्छन् । फलस्वरूप प्रतिकूल परिवेशबाट आउने वालवालिकाको सिकाइलाई बाधा पुर्‍याउन सक्छ । यस्तो बेला घर परिवार वा समुदायको परिवेशलाई सकारात्मक र अनुकूल बनाउन विद्यालय व्यवस्थापनले मेहनत गर्नुपर्ने देखिन्छ । सिकाइका समस्या बारे निरन्तर संवादले यस्ता उपायको खोजीमा सहयोग पुर्‍याउन सक्छ ।
- सुरक्षित र व्यवस्थित सिकाइ वातावरणः विद्यालयमा सिकाइका निमित्त सहयोगी हुनेगरी हरेक विद्यार्थीले सुरक्षित महसुस गर्ने वातावरण हुनुपर्छ । त्यसैगरी शिक्षक समुदायले पनि आफ्नो पेसागत धर्मअनुसारको काम गर्दा कुनै डर, धक नलिई काम गर्ने वातावरण पाएमा उनका प्रतिभा खुल्न थाल्छन । वातावरण व्यवस्थित भएमा अनावस्यकरूपमा समयको क्षति हुन्न चाहे त्यो दुई ओटा कक्षाका बीचको खाली समय होस्, खेलको समय होस्, ल्याव वा पुस्तकालयमा होस् । व्यवस्थित वातावरणले सिकाइमा संलग्न शिक्षक विद्यार्थीमा निश्चिन्तता प्रदान गर्दछ ।
- शिक्षकहरूबीच सहकार्य गर्ने वातावरणः सहकार्यको वातावरणले पेसागत सुरक्षा प्रदानगर्नुको अतिरिक्त विद्यार्थीको अधिकतम हितमा सहयोग पुग्दछ । आफ्नो विषयमा मात्र केन्द्रित हुँदा कहिलेकाहीँ विद्यार्थीको हित ओझेलमा पर्न सक्छ । त्यसैले विद्यालय व्यवस्थापनले शिक्षकहरूबीच आपसी सहकार्यलाई प्रवर्द्धन गर्ने गरी काम गर्न सुझाव दिइएको छ ।

### ख) शिक्षकसँग सम्बन्धित तत्त्वहरू

विद्यालय व्यवस्थापनका तहमा गरिने कार्यहरूले वातावरण प्रदान गर्दछन् भने शिक्षक तहमा गरिने कार्यहरूले सिकाइसँग सोझो सम्बन्ध राख्दछन् । यसअन्तर्गत शैक्षणिक रणनीतिहरू, कक्षाकोठा व्यवस्थापन, पाठ्यक्रमको कक्षा शिक्षणमा रूपान्तरण जस्ता बुँदाहरू समाविष्ट छन् ।

- शैक्षणिक रणनीतिहरू: उपयुक्त शैक्षणिक रणनीतिको छनौट र उपयोगलाई शिक्षणको प्रभावकारिताका निमित्त आधारभूत सर्तकारूपमा व्याख्या गर्ने गरिन्छ । शिक्षक यस्ता विविध रणनीतिहरू कति परिचित छ, तिनको उपयुक्त तरिकाले प्रयोग गर्ने दक्षता कति छ ? सो रणनीति प्रयोग गर्ने, परीक्षण गर्ने, सिक्ने र आवश्यकताअनुसार सुधार गर्ने जस्ता कामबाटै सिकाइमा घनिष्टरूपमा सहभागी हुने कुरामा तत्परता के छ भन्ने जस्ता पक्षहरू ज्यादै नै महत्त्वपूर्ण हुने देखिन्छ ।
- कक्षाकोठा व्यवस्थापन: कक्षाकोठा व्यवस्थापनमा प्रभावकारिता ल्याउन सक्दा समयको क्षति कम हुने, अनुशासन कायम गर्ने विषयले न्यूनतम मात्र समय लिने, सिकाइमा विद्यार्थीको अपनत्व र सहभागिता बढ्ने जस्ता लाभहरू प्राप्त गर्ने विश्वास गरिन्छ । यस अर्थमा शिक्षक तहमा गरिने सुधारमा कक्षाकोठा व्यवस्थापनमा सुधारले महत्त्वपूर्ण स्थान लिने देखिन्छ ।
- पाठ्यक्रमको कक्षा शिक्षणमा रूपान्तरण: पाठ्यक्रमले सिकाइको उद्देश्य, विषयवस्तु बारे मार्गदर्शन गर्दछ । यसलाई कक्षाकोठामा हुने शिक्षक-विद्यार्थी क्रियाकलापमा रूपान्तरण गर्ने विषय उत्तिकै महत्त्वपूर्ण हुन्छ । पाठ्यक्रमको सान्दर्भिकता कायम गर्ने गरी उपयुक्त क्रियाकलापमा रूपान्तरण गर्दा अपेक्षित उपलब्धि हासिल गर्न सहज हुनसक्छ । यसका निमित्त पाठ्यक्रम र शिक्षण क्रियाकलाप बारे शिक्षकको दक्षता निकै महत्त्वपूर्ण हुन्छ । विद्यालयमा दक्ष शिक्षकको मार्गदर्शनमा अन्य शिक्षकले काम गर्ने गरी 'सहकार्यको वातावरण बनाउन सकेमा नयाँ शिक्षकलाई समेत पाठ्यक्रम क्रियान्वयन गर्न सहज हुनसक्दछ ।

### ग) विद्यार्थी तहका तत्त्वहरू

सिकाइ प्रक्रिया भनेको कसैले दिएर लिने विषय नभएर सिकारूको सक्रिय सहभागितामा सम्पन्न हुने कार्य हो । रचनावादी दृष्टि (Constructivist perspectives) मा यो एकपटक सिकेर सकिने कुनै लक्ष्यभन्दा पनि आफ्ना बुझाइलाई अनुभवका आधारमा निरन्तर परिमार्जन गर्ने विषय हो । र यसमा सिकारूको भूमिका प्रधान हुन्छ ।

यसक्रममा Marzano (2003) ले मूलतः तीनओटा पक्षहरूको चर्चा गरेका छन् । घर-परिवारको वातावरण, विकास गरेको बौद्धिकताको स्तर तथा अन्य विषयसँग सम्बन्धित आधारभूत ज्ञान र सिकाइप्रतिको विद्यार्थी उत्प्रेरणा ।

- घर-परिवारको वातावरणः विद्यार्थीको घर-परिवारको वातावरण सिकाइको निमित्त अनुकूल वा प्रतिकुल हुनसक्छ, सहयोगी हुन वा नहुन सक्छ । सिकाइमा यसको भूमिका महत्त्वपूर्ण हुन्छ । बाबुआमाको पेसा, शिक्षाको स्तर, आयस्तर, पढाइमा आवश्यक सामग्री उपलब्ध भए नभएको, विद्यार्थी अलमलमा परेका बखत सहयोग उपलब्ध हुने वा नहुने जस्ता पक्षहरूलाई धेरै अध्ययनहरूले महत्त्वका साथ चर्चा गरेका छन् ।
- वौद्धिकताको स्तर तथा आधारभूत ज्ञानः वालक कालदेखि नै सिकाइका निमित्त उपयुक्त (stimulating environment) प्राप्त गर्दा बौद्धिकताको स्तर माथि जानसक्ने अन्यथा कुण्ठित हुनसक्ने पनि सम्भावना रहन्छ । बालकले सोध्दा नभ्कर्कीकन उनका जिज्ञासाको उपयुक्त निकास खोजी गर्न सहयोग पुग्दा बौद्धिकताको विकासमा टेवा पुग्न सक्छ । अन्य कुनै विषयसँग सम्बन्धित आधारभूत ज्ञान (Domain Knowledge) ले नयाँ ज्ञान निर्माणमा जगको काम गर्छ, बलियो आधार प्रदान गर्दछ । यसप्रकार विद्यार्थीको पूर्व-सिकाइको स्तरले नयाँ सिकाइलाई प्रभावित गर्न सक्ने हुँदा सानै उमेरदेखि जिज्ञासाको सम्बोधन उचित ढङ्गले गर्नु महत्त्वपूर्ण हुने देखिन्छ ।
- सिकाइप्रतिको विद्यार्थी उत्प्रेरणाः सिकाइप्रतिको उत्प्रेरणाले विद्यार्थीले गर्ने प्रयत्नको स्तर निरधारित गर्दछ र यसले अन्ततः सिकाइ उपलब्धिलाई धेरै हदसम्म प्रभावित गर्दछ । उत्प्रेरणा आफै सिर्जित हुने हो वा त्यसमा विषयवस्तुको प्रस्तुति शैली, सिकाइ सहयोगी वातावरण, आधारभूत ज्ञानको विकास जस्ता पक्षले समेत प्रभाव पार्ने हो । पक्कै पनि उत्प्रेरणा जगाउन सकिने विषय हो ।

कार्यान्वयनका पक्षको कुरा गर्दा नेतृत्वको भूमिका प्रधान हुने देखिन्छ । Mazarano (2003) ले पनि कार्यान्वयनका निमित्त प्रभावकारी नेतृत्वलाई महत्त्वका साथ चर्चा गरेका छन् ।

## ११. सुधार कार्ययोजना

माथिका अनुच्छेदहरूमा छलफल गरिएका परीक्षण अध्ययहरूका प्राप्ति सारांशका बुँदाका आधारमा सम्बन्धित निकायका लागि मार्गदर्शन स्वरूप कार्यकलाप विस्तृतीकरण, कार्यान्वयन प्रथमिकता र प्रस्तावित जिम्मेवार निकायको किटानीसहित सुधार कार्य योजना तालिका प्रस्तुत गरिएकोछ ।

*सुधार कार्य योजना तालिका*

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| क. | विद्यार्थीहरूको समग्र उपलब्धि कमजोर छ । | | |
| १. | • उत्कृष्टता प्रदर्शन गर्ने विद्यालयको उपलब्धिलाई प्रचार गर्ने, थप मेहनत गर्न हौसला दिने, अरू विद्यालयले सिक्न सक्ने विषयलाई संश्लेषण गर्ने ।<br>• कमजोर उपलब्धि भएका विद्यालय सुधारको विशेष योजना- यस्ता विद्यालयको अलग्गै प्रतिवेदन तयार गर्ने; गहिरो अध्ययन गर्ने र तत्काल सहयोग, सशक्तीकरण र व्यवस्थापकीय हस्तक्षेपमार्फत् सुधारलाई निर्देशित गर्ने र नियमित अनुगमन गर्ने ।<br>• व्यवस्थापकीय कुशलता पुष्टि गरेका सक्षम तथा कमजोर विद्यालयको काया पलट गर्ने सोच र आँट भएका शिक्षकलाई प्रअ बनाउने गरी प्रोत्साहन प्रणाली लागू गर्ने । | तत्काल | स्थानीय तह<br>CEHRD |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
| --- | --- | --- | --- |
| ख. | विद्यार्थी उपलब्धिमा विद्यालयहरूबीचको अन्तर अत्यन्त उच्च छ । | | |
| २. | • विद्यालयहरूमा तोकिएका कार्यक्रम सञ्चालनका निमित्त न्यूनतम सर्तहरू पूरा भए नभएको अनुगमन, अभिलेखन गर्नुका साथै यथासक्य छिटो पूरा गर्न योजना बनाउने ।<br>• विद्यार्थी उपलब्धि ज्यादै कमजोर वा ज्यादै प्रभावकारी देखिएका विद्यालयहरूको घटना अध्ययन गर्ने ।<br>• घरको सामाजिक आर्थिक पृष्ठभूमिका कारणले विद्यार्थीको सिकाइलाई गम्भीररूपमा प्रभावित हुन नदिने गरी त्यस्ता समस्याजनक अवस्थाका विद्यार्थीहरूलाई चिन्ने र सहयोग गर्ने कार्यक्रम सञ्चालन गर्ने ।<br>• हरेक विद्यालयले न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्ने गरी योजना बनाउने, हरेक विद्यालयले पालना गर्नुपर्ने मापदण्ड र हासिल गर्नुपर्ने नतिजा बारे न्यूनतम सिकाइ सुनिश्चितताको ढाँचा तयार गर्ने । | तत्काल | स्थानीय तह<br>CEHRD<br>ERO<br>सामाजिक विकास मन्त्रालय |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| ग. | **स्वतन्त्र उत्तर लेख्नुपर्ने प्रश्न तथा उच्च दक्षता मापन गर्ने प्रश्नहरूमा विद्यार्थी उपलब्धि कमजोर देखिन्छ ।** | | |
| ३. | • शिक्षण सिकाइका क्रममा यस्ता सीप विकास गर्ने अवसर दिने, सोसँग सम्बन्धित अभ्यास गराउने । पाठ्यपुस्तकमा पनि यस्ता क्रियाकलाप राख्ने ।<br>• सिकाइ कक्षाकोठा बाहिर पनि हुनसक्छ । खुल्ला रूपमा खोज गर्ने, आफै प्रश्न बनाउने र उत्तर खोज्ने गरी खोज कार्यमा लगाउने, अन्तिम परीक्षामा मात्र नभै परियोजना कार्य, कुनै समस्यामा समूह कार्य जस्ता विधिमार्फत् र उचित प्रश्नहरूको प्रयोग गर्ने ।<br>• आवश्यक सामग्री (Online based वा भिडियो पनि हुनसक्छ) मार्फत् सहयोग पुऱ्याउने । | तत्काल | पाविके,<br>CEHRD<br>सामाजिक विकास मन्त्रालय |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| **घ.** | **विद्यार्थीमा पठन सीप कमजोर कमजोर भएका कारणले सबै विषयमा उपलब्धि कमजोर देखिन्छ ।** | | |
| ४. | • पठन सीपमा सुधारमा विशेष प्रयत्न गर्ने जस्तैः प्रारम्भिक कक्षामा पठन सीप सुधारमा गरिएका अभ्यास र उपलब्धिलाई तालिमका क्रममा छलफलको विषय बनाउने ।<br>• हरेक विद्यालयमा पठन सीप नियमितरूपमा परीक्षण गर्न लगाउने- आवश्यक सामग्री उपलब्ध गराउने (अनलाईनमा उपलब्ध गराउँदा पनि आवश्यकताअनुसार प्रयोग हुनसक्छ)<br>• हरेक विद्यालयमा प्रअको नेतृत्व र शिक्षक, अभिभावकसमेतको सहकार्यमा पठन सीपमा कमजोर विद्यार्थीहरूलाई सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्ने । | तत्काल<br>निरन्तर | CEHRD<br>ERO<br>स्थानीय तह<br>सामाजिक विकास मन्त्रालय |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| ङ. | **विद्यार्थीको सामाजिक समूहका आधारमा उपलब्धिमा असमानतासमेत देख्न सकिन्छ ।**<br><br>**(खासगरी दलित समूहका विद्यार्थीको तथा गणित बाहेकका विषयमा मधेसी समूहका विद्यार्थीहरूको उपलब्धि कमजोर)** | | |
| ५. | • विद्यार्थीले भोगेका विविध प्रकारका चुनौतीलाई विश्लेषण गरेर सो समूहको पारिवारिक सामुदायिक पृष्ठभूमिले सिकाइमा पारेका कठिनाइलाई कम गर्ने गरी थप सहयोगी कार्यक्रमहरू योजना गर्ने ।<br><br>• विद्यार्थीका कमजोरीलाई त्यतिकै छोड्दा झन् खात लागेर पछि त्यसबाट छुट्टिनै गाह्रो हुन जाने भएकाले तत्काल सहयोग गर्ने संयन्त्र बनाउने ।<br><br>• विद्यार्थीका व्यक्तिगत, पारिवारिक, वा सामुदायिक परिवेशसँग गाँसिएका कठिनाइलाई चिनेर सोलाई सम्बोधन गर्ने कार्यक्रम सञ्चालन गर्ने । | तत्काल,<br><br>निरन्तर | विद्यालय,<br><br>स्थानीय तह<br><br>सामाजिक विकास मन्त्रालय |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| **च.** | **विद्यार्थीको भौगोलिक पृष्ठभूमिका आधारमा उपलब्धिमा असमानतासमेत देख्न सकिन्छ ।** | | |
| ६. | • स्रोतको न्यायोचित वितरण तथा व्यवस्थापन पद्धतिमा थप कसिलोपना ल्याउने गरी स्थानीय तहले विशेष अग्रसरता लिने ।<br>• जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइमार्फत् स्थानीय तहगत उपलब्धिको समीक्षा गर्ने र सो नतिजा जनप्रतिनीधि समक्ष सार्वजनिक गर्ने ।<br>• शिक्षक तथा विद्यालय प्रोत्साहन व्यवस्था तथा विद्यालय सघन सहयोग कार्यक्रम सहित प्रभावकारी उत्तरदायित्व प्रणालीको कार्यान्वयन गर्ने । | तत्काल,<br>निरन्तर | स्थानीय तह<br>EDCU |
| **छ.** | **समयमा पाठ्यपुस्तकको उपलब्धता भए नभएको आधारमा उपलब्धिस्तरमा प्रभाव परेको देखिन्छ ।** | | |
| ७. | • पाठ्यपुस्तकलगायतका सामग्री समयमै पुगेको सुनिश्चित गर्ने, पाठ्यपुस्तक नपुगेको अवस्थामा शिक्षण सुचारू गर्ने वैकल्पिक विधि बारे प्रअ र शिक्षक समुदायसँग छलफल गर्ने । | तत्काल,<br>निरन्तर | पाविके<br>EDCU<br>स्थानीय तह<br>CEHRD |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| | • दुर्गमका विद्यालयमा सक्षम शिक्षक पुऱ्याउन, टिकाउन, उत्प्रेरित राखेर पूर्ण क्षमताका प्रयत्न गर्ने ।<br>• व्यवस्थापकीय कुशलता पुष्टि गरेका सक्षम तथा कमजोर विद्यालयको काया पलट गर्ने सोच र आँट भएका शिक्षकलाई प्रअ बनाउने गरी प्रोत्साहन प्रणाली लागू गर्ने ।<br>• पुराना तर पढ्न योग्य पुस्तकको जोहो गरी पाठ्यपुस्तकको अभाव टार्ने योजना गर्ने । | | |
| **ज.** | **गृहकार्य वा कक्षाकार्य जस्ता स्वतन्त्र सिकाइ अभ्यासको अवसर तथा सोमा प्रभावकारी पृष्ठपोषणले उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।** | | |
| ८. | • यसका निमित्त प्रअ नै प्रमुख पात्र हुने देखिन्छ । प्रधानाध्यापकलाई शैक्षणिक व्यवस्थापनको प्रक्रियागत पक्षमा सुधार गर्न कसरी सहयोग गर्छन् भन्नेमा विश्वास जगाउने र उपयुक्त विधि / रणनीतिको अवलम्बन गर्न उत्तरदायी बनाउने ।<br>• प्रअले शैक्षणिक नेतृत्व प्रदान गरी सहकर्मी शिक्षकहरूलाई यो कार्यमा प्रोत्साहित गर्ने । समय समयमा सोको कार्यान्वयनको अवस्था बारे रेखदेख र समीक्षा गर्ने । | तत्काल | विद्यालय<br>प्रअ |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| **झ.** | **विद्यार्थीले विद्यालयमा अनुभव गर्ने हेपाइ (Bullying) तथा शिक्षक एवं साथीसँगका सम्बन्धले उपलब्धिमा प्रभाव पारेको देखिन्छ ।**<br><br>**असर रहेको हरेक पटक उल्लेख हुने गरेको छ । आफ्नो विद्यालयप्रति गर्व गर्ने, आफ्नो विद्यालयका शिक्षक र विद्यालय परिवारको सम्मान गर्ने जस्ता सकारात्मक धारणा हुँदा उपलब्धिमा सकारात्मक प्रभाव परेको पाइएको छ ।** | | |
| ९. | ● यसकारण, विद्यालयमा एक प्रकारको 'समुदायको भाव जगाउने, आपसी सदभाव, विश्वास कायम गर्ने, सहयोग प्रवर्द्धन गर्ने, जस्ता विषयलाई विद्यालय सञ्चालनमा विशेष महत्त्व दिनुपर्ने ।<br><br>● विद्यालयले आफ्नो परिवारभित्र आपसी सहयोग प्रवर्द्धन गर्ने, 'समुदायको भाव र मूल्यलाई प्रवर्द्धन गर्ने विषयलाई योजनाबद्ध कार्यकलाप सञ्चालन गर्ने ।<br><br>● नियमित अनुगमन गर्ने, बोल्न डराउने विद्यार्थीका कुरा सुन्न थप प्रयत्न गर्ने, कसैले हेपिएको र असुरक्षित भएको अनुभव गरे नगरेको नियमित सूचना लिने र आवश्यक सहयोग र हौसला दिने वातावरण बनाउने । | तत्काल<br><br>निरन्तर | प्रअ<br><br>विद्यालय |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| ञ | **घर-परिवारको पृष्ठभूमि विद्यार्थी उपलब्धि निर्धारणमा हावी भएको देखिन्छ ।**<br><br>**खासगरी, परिवारको आय, पेसा, शिक्षा (खासगरी आमाको शिक्षा), घरमा बोलिने भाषा, घरमा सिकाउन सहयोग गर्न सक्ने व्यक्ति (दाइ दिदी वा अन्य) को उपस्थिति जस्ता पक्षको प्रभाव स्पष्ट देख्न सकिन्छ ।** | | |
| १०. | • त्यसैले पारिवारिक पृष्ठभूमिसँग जोडिएर आउने यी विषयलाई परिवर्तन गर्न नसकिए पनि यिनको प्रभावलाई न्यूनीकरण गर्न विद्यालयको सक्रियता हुनुपर्ने ।<br>• प्रतिकूल पृष्ठभूमिसहित विद्यालय आउने विद्यार्थीहरूको अभिलेखन गर्ने<br>• उनलाई विद्यालयले पुऱ्याउनुपर्ने थप सेवा, परिवारसँग गरिनुपर्ने सहकार्यको अभिभावकसँग बसेर योजना बनाउने ।<br>• शिक्षकलाई विविधताको व्यवस्थापन, सघन सहयोग पद्धति बारे तयार गराउने । | तत्काल,<br>निरन्तर | विद्यालय<br>प्रअ<br>स्थानीय तह |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| ट. | **एकै पालिका भित्र पनि विद्यालयहरूबीच कार्यसम्पादन स्तरमा असमानता देखिन्छ ।** | | |
| ११. | • विद्यालयले पालना गर्नुपर्ने पेसागत स्तर, प्रक्रियागत मानकहरू बारे स्थानीयतहको लागि सहयोगी हुने गरी सामग्री तयार गर्ने र उपलब्ध गराउने ।<br>• सङ्घ र प्रदेशबाट उपलब्ध हुने स्रोत स्थानीय तहमार्फत् विद्यालयमा पुग्ने प्रबन्ध गर्ने, स्रोतको औचित्यपूर्ण वितरणको आधार दिएर स्थानीय तहलाई सहयोग पुऱ्याउने ।<br>• विद्यालय तहको शिक्षाको शासकीय प्रबन्धमा स्थानीय तहलाई थप सशक्तीकरण गर्ने । स्थानीय तहमा उपलब्ध स्रोतहरूलाई शिक्षाका मुख्य आवश्यकता केन्द्रित गरी विनियोजन गर्न आधार प्रदान गर्ने ।<br>• विद्यार्थी उपलब्धिको स्थानीय तहगत नतिजा सार्वजनिक गर्ने ।<br>• शिक्षाको नतिजामा सार्वजनिक उत्तरदायित्वको संरचनामा स्थानीय तहलाई समावेश गर्ने । | तत्काल,<br>निरन्तर | जिसस,<br>EDCU<br>स्थानीय तह<br>CEHRD |

| क्र.सं. | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| **ठ.** | **विद्यालयमा लगानी तत्त्वले मात्र कार्यसम्पादनमा सोझो प्रभाव पारेको देखिएन।** | | |
| १२. | • विद्यालय सञ्चालनको प्रक्रियागत विषयमा, पालना गर्नै पर्ने स्तर र मानकहरूको बारेमा लिपिबद्ध गर्ने र स्थानीय तहमा सरोकारवालाबीच छलफल गरेर व्यापक कार्यान्वयन योजना बनाउने ।<br>• विद्यालय सञ्चालनमा प्रअको गहन भूमिकालाई ध्यानमा राखेर शैक्षिणिक नेतृत्व विकास सहयोगी कार्यक्रमहरू कार्यान्वयन गर्ने । | तत्काल<br>निरन्तर | स्थानीय तह<br>विद्यालय<br>प्रअ<br>CEHRD |
| **ड.** | **अध्ययनको डिजाइन र विश्लेषण प्रक्रिया बारे कार्यान्वयनसँग सरोकार राख्ने निकायसँगको छलफलले 'कार्यान्वयन योग्यता सुधार गर्न सहयोग गर्ने देखिन्छ ।** | | |
| १३. | • डिजाइनका बखत यसप्रकारको सहकायलाई सहयोग गर्ने गरी प्राविधिक वा व्यावसायिक तहमा छलफल गर्ने संयन्त्र तयार गर्ने । | मध्यकाल | ERO,<br>CEHRD<br>स्थानीय तह |
| **ढ.** | **अध्ययन प्रणालीको सुधारमा शिक्षा प्रणाली सुधारमा यसको उपयोग निर्भर गर्दछ ।** | | |
| १४. | • अध्ययनको नतिजालाई प्रयोगकर्ताले बुझ्न र समस्यालाई राम्ररी महसुस गर्न सहयोग पुग्ने गरी सञ्चार गर्ने ।<br>• प्रयोगकर्ताको आवश्यकता अनुकूल बहुप्रतिवेदन प्रणाली लागू गर्ने । | तत्काल<br>मध्यकाल | ERO |

## १२. नमूना सुधार कार्यकलाप ढाँचा

प्रस्तुत सुधार कार्ययोजनालाई परिणाममूलक ढङ्गबाट कार्यान्वयन गर्नका लागि खासगरी केन्द्रीय विभागीय निकायहरूलाई सहजीकरण प्रदान गर्ने अभिप्रायले साररूपमा पहिचान गरिएका मुख्य मुख्य सुधार कार्यकलापका आधारमा नमूना कार्यकलाप ढाँचा तयार गरी अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

## १३. निष्कर्ष

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विगत १२ वर्षको अविधिमा नेपालमा स्तरीकृत परीक्षण विधिका प्रक्रिया अवलम्बन गरी राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षण सञ्चालन अभ्यासको इतिहास रचना गर्‍यो । यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका लागि रूचिकर प्रमाण, सूचना र तथ्याङ्क प्रकाशनमा ल्यायो । त्यस्तै खासगरी वैज्ञानिक सूचकमा आधारित भई विद्यालयहरूको कार्य सम्पादन परीक्षण कार्यको पनि संस्थागत अभ्यास स्थापित गर्‍यो । केन्द्रले यस्ता अध्ययनबाट उत्खनन् गरिएका प्रमाण र ज्ञानका आधारमा सम्बन्धित निकायहरूबाट प्रणाली सुधारका ठोस प्रयास होला भन्ने अपेक्षा रहनु स्वाभाविक थियो ।सो अपेक्षालाई समायिक उत्प्रेरणाका लागि यस्ता अध्ययनका लक्ष्य र अध्ययनका उपर गरिएका लागानीको प्रतिफल सुनिश्चित गर्न यस केन्द्रले प्रस्तुत सुधार कार्ययोजनामार्फत् अर्को तहको योगदानका क्षेत्रमा मार्ग निर्देशको जमर्को गरेको छ । यो प्रयासलाई आम रूपमा प्राविधिक सहजीकरण एवम् मार्गदर्शन प्रयोजनका लागि स्वीकार हुनेछ भन्ने अपेक्षा गरिएको छ । साथै राष्ट्रको पुनः संरचित प्रशासनिक प्रबन्धअनुसार यस दस्तावेजलाई संघीय, प्रादेशिक, स्थानीय तथा विद्यालय तहका सम्बन्धित संयन्त्रले रूचिपूर्वक आत्मासात् गरी स्व-निर्देशित पहलमा आफ्नो कार्य सम्पादन सुधारका लागि उपयोग गर्नु नै सबैको कर्तव्य हुनेछ ।

# अनुसूची–१ः

## अध्ययन सिफारिसका आधारमा प्रस्तावित नमुना सुधार कार्यक्रम

| क्र.सं. | कार्यक्रम | कार्यान्वयन कार्यविधि | जिम्मेवार निकाय | अनुमानित बजेट (Rs. 000) |
| --- | --- | --- | --- | --- |
| १. | विद्यालयमा खासगरी अन्य विद्यालय सर हका भवन, कक्षाकोठा, फर्निचर, अतिरिक्त पाठ्यपुस्तक/सन्दर्भ पुस्तक, शिक्षक गाइड, पुस्तकालय, विज्ञान ल्याब, कम्प्युटर ल्याब, खेलकुदका सामग्री, सङ्गीतका सामग्री, सफा पानी तथा सफासुग्घर विद्यालय हाता, विद्यालय कम्पाउड/घेराबारा आदि जस्ता सिकाइ सुविधा सुनिश्चित गर्ने गरी आवश्यकता सर्वेक्षण तथा कार्यविधि निर्माण गर्ने । | सबै विद्यालयको वास्तविक आवश्यकता सर्बेक्षण गर्ने, कम्तीमा ५-वर्षे कार्ययोजना बनाउने, सङ्घ-प्रदेश-स्थानीय सरकारको योगदान किटान गर्ने र प्रथम वर्षको कार्यक्रम यकिन गर्ने । यसका लागि आगामी वर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत प्रस्तावित बजेट नै उपयोग गर्ने व्यवस्था मिलाउने । | शिक्षा मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र र EDCU | ५०,००० |

| | | | | |
|---|---|---|---|---|
| २. | दरबन्दी न्यून रहेका सबै माविमा विषयगत शिक्षक जनशक्ति उपलब्ध गराउन सरकारले तोकेको निकायमा (जस्तै FOE/ TU) Para–Teachers' Force निर्माण गर्ने र त्यसमार्फत कम्तीमा एक शै.सत्रका लागि अन्य नियमित शिक्षकका तुलनामा न्यून तलब सुविधा पाउने गरी शिक्षक सेवा खरिद गर्न विद्यालयमा शिक्षण अनुदान व्यवस्था मिलाउन पारा टिचर फोर्स कार्यविधि स्वीकृति तथा लागू गर्ने । | फोर्समा कलेजका Non–Education भएपनि फ्रेस योग्यताप्राप्त ग्रेजुयट छनोट गर्ने, तिनलाई आधारभूत सेवा प्रवेश तालिम अनिवार्य गर्ने गरी कायविधि तयार गर्ने । यसका लागि आगामी वर्षमा 'शिक्षण अनुदान शीर्षकको कार्यक्रम' अन्तर्गत प्रस्तावित बजेटसमेत उपयोग गर्ने व्यवस्था मिलाउने । | शिक्षा मन्त्रालय, FOE/TU, शिक्षा तथा मानवस्रोत विकास केन्द्र र EDCU | ५०,००० |
| ३. | ज्ञानको उच्च तहसम्मका प्रश्नका आधारमा विद्यार्थी मूल्याङ्कनको नयाँ अभ्यास स्थापित गर्न पाठ्यपुस्तका प्रश्न पद्धतिलाई परिमार्जन गर्न सबै कक्षाका पाठ्यपुस्तक लेखन निर्देशिका परिमार्जन गर्ने । | सामुदायिक र संस्थागत सबै प्रकारका विद्यालयमा प्रयोग गरिने पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री सबैका हकमा लागू हुनेगरी प्रबन्ध मिलाउने । | पाठ्यक्रम विकास केन्द्र | १,५०० |

| | | | | |
|---|---|---|---|---|
| ४. | NASA अध्ययनका प्रत्येक वर्षका प्रतिवेदनलाई टेलरीङ गरी तयार गरिएको तालिम मेनुयल क्याप्सुलका आधारमा तथा ज्ञानका उच्च तहका प्रश्न निर्माण एवम् त्यसै अनुरूपका शिक्षण-सिकाइ विधि (pedagogy) साथै परीक्षा प्रणाली स्तरीकरण जस्ता विषय क्षेत्रमा कस्टमाइज्ड् शिक्षक तालिम सञ्चालन गर्ने । | यस्ता दुवै प्रकारका तालिम मोड्युल समावेश गर्नेगरी मावि र आधारभूत तहको शिक्षक तालिम ढाँचा परिमार्जन गर्ने र स्वीकृत नियमित कार्यक्रमअन्तर्गतको तालिम सबै ७ वटै तालिम केन्द्र तथा ७७ वटै EDCU बाट यसै ढाँचामा सञ्चालन गर्ने । | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, ETC र EDCU | १,००० |
| ५. | NASA प्रतिवेदनका आधारमा अति न्यून विद्यार्थीको सिकाइ उपलब्धि स्तर भएका एवम् उच्च सिकाइ क्षति (learning loss) भएका जिल्लामा विद्यार्थीका लागि पूरक शिक्षण (remedial teaching) र शिक्षकका लागि स्थलगत शिक्षण सहजीकरण (coaching/mentor-ing) प्रणाली स्थापना र सञ्चालन गर्ने । | सिकाइ उपलब्धिस्तरको न्यूनता तथा सिकाइ क्षतिको प्रमाणका आधारमा लक्षित जिल्ला र विद्यालय छनोट गर्ने, कार्यविधि निर्माण गर्ने, विशेषज्ञ छनोट गर्ने, तिनलाई तालिम दिने र EDCU को नेतृत्वमा कार्यक्रम व्यवस्थापन गर्ने । | शिक्षा तथा मानवस्रोत विकास केन्द्र र EDCU | ४,५०० |

| | | | | |
|---|---|---|---|---|
| ६. | Software–based online system प्रयोग गरी सामुदायिक विद्यालयको दैनिक भौतिक सञ्चालन स्थिति (school operation status) लाई कम्तीमा मासिकरूपमा अद्ध्यावधिक गरी एकीकृतरूपमा प्रत्येक नयाँ वर्षको पहिलो हप्तामा वार्षिक अद्यावधिक प्रतिवेदन सार्वजनिक गर्ने गरी प्रणाली निर्माण गर्ने । | कार्यबोझलाई ध्यानमा राखी पहिलो वर्ष सामुदायिक माविबाट कार्य प्रारम्भ गरी क्रमशः कम्तीमा सबै संस्थागत माविलाई समेट्ने । यसका लागि EDCUमार्फत् काम गर्ने । प्रारम्भमा काम गर्ने जनशक्तिको क्षमता विकास गर्ने । | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शैक्षिक गु. प. केन्द्र र EDCU | ४,५०० |
| ७. | NASA अभ्यासको कार्य प्रणालीमा सुधार गर्न नासाको तथ्याङ्क गुणस्तर वृद्धि, GPF सँग प्रश्न आइटमको तालमेल, SDG reporting system सँग नासा नतिजाको एकीकरण, तथ्याङ्क विश्लेषण विधिको सरलीकरण, उच्च प्राविधिक कार्यका लागि परामर्श सेवा परिचालन एवम् जनशक्तिको क्षमता विकास जस्ता जरूरी कार्य व्यवस्थापन गर्ने । | Policy linking guideline प्रकाशन गर्ने, विषयगत परीक्षण खाका संशोधन गर्ने, प्रश्न आइटमको संरचना सुधार गर्ने, आइटम ज्यादा विद्यार्थीको रूचि/क्षमता अनुकूलित पार्ने, सरल प्रकारको मबतब analysis software प्रयोग गर्ने आदि । | शैक्षिक गुणस्तर परीक्षण केन्द्रर शिक्षा विकास तथा समन्वय इकाइ | २,००० |
| | | | जम्मा | १,१३,५०० |

# List of References


१. शै. गु. प. के. (वि.सं २०७७). शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भएका उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण र अध्ययन अनुसन्धानका प्रतिवेदनहरूको एकीकृत सारांश प्रतिवेदन, २०७७. काठमान्डौः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

२. शै. गु. प. के. (वि.सं २०७७-२). शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन २०७६/२०७७. काठमान्डौः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

३. Nuno Crato (ed.). (2021). Improving a Country's Education: PISA 2018 Results in 10 Countries. Springer.

४. Robert J. Marzano. (2003). What Works in Schools: Translating Research into Action. ASCD

५. Steve Martin (2010). Knowledge from Inspection: External oversight and information to improve performance. In Kieran Walshe and Gill Harvey and Pauline Jas. (2010). Connecting Knowledge and Performance in Public Services: from Knowing to Doing (pp 16-32). Cambridge: Cambridge University Press.

६. Steven Van De Walle and Wouter Van Dooren. (2010). How is information used to improve performance in the public sector? Exploring the Dynamics of Performance Information. In Kieran Walshe and Gill Harvey and Pauline Jas. (2010). Connecting Knowledge and Performance in Public Services: from Knowing to Doing (pp 33-54). Cambridge: Cambridge University Press.

७. Huw Davies, Sandra Nutley and Isabel Walter (2010). Using Evidence: How Social Research could be Better Used to Improve Public Service Performance. In Kieran Walshe and Gill Harvey and Pauline Jas. (2010). Connecting Knowledge and Performance in Public Services: from Knowing to Doing (pp 199-232). Cambridge: Cambridge University Press.